नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## कोसीहरैंचा नगरपालिका कार्यालय


इन्द्रपुर, मोरङ

# नगर पाश्र्वचित्र

## २०७३



# कोसीहरैंचा नगरपालिकाको नक्सा



# विषय-सूची

## खण्ड १ : भूमिका


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको उद्देश्य | १ |
| १.३ | अध्ययनको महत्व | २ |
| १.४ | अध्ययनको औचित्य | २ |
| १.५ | अध्ययन विधी | २ |
| | १.५.१ तथ्याङ्क संकलन विधी | २ |
| | १.५.२ तथ्याङ्कको ब्यवस्थापन | ३ |
| १.५.३ | तथ्याङ्कको प्रस्तुति तथा विश्लेषण | ३ |
| १.६ | अध्ययनका सीमाहरु | ३ |


## खण्ड २ : कोसीहरैंचा नगरपालिकाको परिचय


| | | |
|---|---|---|
| २.१ | नगरपालिकाको संक्षिप्त परिचय | ४ |
| २.२ | भौगोलिक अवस्थिति | ५ |
| २.३ | माटोको वनावट र उर्वराशक्ति | ५ |
| २.४ | नगरको भू–उपयोग | ६ |
| २.५ | हावापानी | ६ |
| २.६ | कोसीहरैंचा नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि | ६ |
| २.७ | नगरपालिकामा रहेको सम्भाव्यता र अवसर | ६ |
| २.८ | नगरपालीकाको चुनौती तथा समस्याहरु | ८ |
| २.९ | नगरपालिकाको अन्तर नगर सम्बन्ध | ८ |
| २.१० | शहरीकरणको स्वरुप | ८ |
| २.११ | बस्ती विकासमा देखिएका समस्या तथा चुनौतीहरू | ९ |
| २.१२ | प्रमुख स्थान | ९ |
| | २.१२.१ बाघभ्कोडा सिमसार क्षेत्र | ९ |
| | २.१२.२ किचकगढी | ९ |
| २.१३ | धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु | १० |
| २.१४ | मुख्य चाडपर्वहरु | ११ |


## खण्ड ३ : जनसाङ्ख्यिक विवरण


| | | |
|---|---|---|
| ३.१ | जनसंख्याको विवरण | १२ |
| ३.२ | वडागत जनसंख्याको विवरण | १३ |
| ३.३ | जनसंख्या बृद्धिदर | १४ |
| ३.४ | उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण | १४ |
| ३.५ | पहिलो विवाह गर्दाको उमेरको विवरण | १४ |
| ३.६ | दस वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण | १५ |

| | | |
|---|---|---|
| ३.७ | उमेरगत, लिङ्गगत तथा आश्रीत जनसख्याको विवरण | १५ |
| ३.८ | घरमूलीको लैङ्गिक विवरण | १७ |
| ३.९ | मातृभाषाअनुसार जनसंख्या विवरण | १७ |
| ३.१० | जातजाती समूहअनुसार जनसंख्याको विवरण | १८ |
| | ३.१०.१ आदिवासी | १९ |
| | ३.१०.२ उत्पीडित समुदाय | १९ |
| ३.११ | धर्मअनुसार जनसङ्ख्याको विवरण | २० |
| ३.१२ | परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण | २१ |
| ३.१३ | वडागत महिलाका नाममा भएको घरजग्गाको स्वामित्वको विवरण | २१ |
| ३.१४ | जगको आधारमा घरको बनोटको विवरण | २३ |
| ३.१५ | बाहिरी गारोको आधारमा घरको बनोटको विवरण | २४ |
| ३.१६ | छानाको आधारमा घरको बनोटको विवरण | २४ |
| ३.१७ | बसाई सराईको अवस्था | २५ |
| ३.१८ | व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण | २६ |

## खण्ड ४ : भू-उपयोग

| | | |
|---|---|---|
| ४.१ | नगरको भू–उपयोगको अवस्थाको विवरण | २७ |
| ४.२ | शहरीकरणको स्वरुप | २७ |
| ४.३ | शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप | २८ |
| ४.४ | बस्ती विकासमा देखिएका चुनौतीहरू | २८ |
| ४.५ | भू–क्षय सम्भावित क्षेत्र | २९ |
| ४.६ | नगरमा हुन सक्ने संभावित प्रकोपको विवरण | २९ |
| ४.७ | नदी तथा खोलाबाट प्रभावित क्षेत्र | ३० |

## खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

| | | |
|---|---|---|
| ५.१ | नगरअर्थतन्त्रको संरचनात्मक स्वरुप | ३१ |
| ५.२ | आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था | ३१ |
| ५.३ | आश्रित जनसंख्याको विवरण | ३१ |
| ५.४ | कृषि | ३२ |
| | ५.४.१ कृषी बालीमा लाग्ने रोग | ३३ |
| | ५.४.२ कृषि बजारीकरण | ३३ |
| | ५.४.३ जग्गाको उर्वराशक्ति | ३३ |
| | ५.४.४ पशुपालन | ३३ |
| | ५.४.५ पशुपंक्षीमा लाग्ने रोगहरु | ३३ |
| | ५.४.६ पशु रोगहरूको बिबरण | ३४ |
| ५.५ | सिंचाइ | ३४ |
| ५.६ | व्यापार तथा उद्योगको विवरण | ३४ |

| | | |
|---|---|---|
| | ५.६.१ व्यवसायको विवरण | ३४ |
| | ५.६.२बजार सम्बन्धी विवरण | ३४ |
| ५.७ | थोक  तथा खुद्रा व्यापार | ३६ |
| | ५.७.१ निकासी पैठारी स्थिति | ३६ |
| | ५.७.२ ढुवानी तथा भण्डार व्यवस्था | ३६ |
| | ५.७.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा | ३६ |
| | ५.७.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति | ३६ |
| | ५.७.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण | ३७ |
| ५.८ | खानीको स्रोत र उपयोगको स्थिति | ३७ |
| ५.९ | अन्य आर्थिक विकासका सम्भावनाहरू | ३७ |
| ५.१० | नगरको अर्थतन्त्रको विशिष्टिकरण | ३८ |
| ५.११ | बैंक तथा वित्तीय संस्थाको विवरण | ३९ |


## खण्ड ६: भौतिक तथा सार्वजनिक पूर्वाधार


| | | |
|---|---|---|
| ६.१ | भौतिक पूर्वाधार | ४० |
| ६.२ | सञ्चार | ४० |
| | ६.२.१ टेलिफोन/मोबाइल | ४० |
| | ६.२.२ हुलाक सेवा | ४० |
| | ६.२.३ नगरमा संचालनमा रहेका एफ.एम.रेडियो सम्बन्धी विवरण : | ४० |
| | ६.२.४ पत्रपत्रिकाको विवरण | ४१ |
| ६.३ | विद्युत तथा बैकल्पिक उर्जा | ४१ |
| | ६.३.१ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण | ४१ |
| | ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण | ४२ |


## खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा


| | | |
|---|---|---|
| ७.१ | शिक्षा | ४३ |
| | ७.१.१ साक्षरताको अवस्था | ४३ |
| | ७.१.२ शैक्षिक जनशक्तिको विवरण | ४४ |
| | ७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण | ४४ |
| | ७.१.४ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण | ४५ |
| | ७.१.५ प्राथमिक शिक्षामा विद्यार्थीको शैक्षिक उपलब्धि र अवस्था सम्बन्धी तुलनात्मक विवरण | ४५ |
| | ७.१.६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू | ४६ |
| ७.२ | स्वास्थ्य | ४७ |
| | ७.२.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers) | ४८ |
| | ७.२.२ सुँडेनी (TBA) | ४८ |
| | ७.२.३ गाउँघर क्लिनीक र नियमित खोप | ४८ |
| | ७.२.४ एच. आई. भी./एड्सको अवस्था | ४८ |

| | | |
|---|---|---|
| | ७.२.५ सुरक्षित मातृत्वको अवस्थाको विवरण | ४८ |
| | ७.२.६ खोपको विवरण | ४९ |
| | ७.२.७ बाल्यकालमा हुने रोगका जोखिम | ४९ |
| | ७.२.८ शिशु तथा ५ वर्ष बाल मृत्युदर | ४९ |
| | ७.२.९ बालपोषण सम्वन्धी विवरण | ४९ |
| ७.३ | खेलकुद तथा मनोरञ्जन | ४९ |
| ७.४ | नागरिक सुरक्षा सेवा | ५० |
| | ७.४.१ सामाजिक सूचकहरू | ५० |
| | ७.४.२ बृद्धबृद्धाहरूको अवस्था | ५० |
| ७.५ | महिला तथा बालवालिका | ५१ |
| | ७.५.१ बालश्रमको अवस्था | ५१ |
| | ७.५.२ संस्थागत स्याहारमा रहेका द्वन्द्व प्रभावित बालबालिका | ५१ |
| | ७.५.३ बालसंरक्षण तथा संबर्द्धन समिति | ५१ |
| | ७.५.४ बालविकास केन्द्र | ५२ |
| | ७.५.५ बालक्लब | ५२ |
| ७.६ | अपाङ्गताको विवरण | ५३ |
| ७.७ | शान्ति सुरक्षा | ५४ |
| ७.८ | खानेपानी तथा सरसफाई | ५४ |
| | ७.८.१ खानेपानीको विवरण | ५४ |
| | ७.८.२ वडागत खानेपानीको विवरण | ५५ |
| | ७.८.३ शौचालयको विवरण | ५६ |
| | ७.८.४ वडागत चर्पीको संख्याको विवरण | ५६ |

## खण्ड ८ : वन तथा वातावरण

| | | |
|---|---|---|
| ८.१ | प्राकृतिक वन तथा वनस्पती | ५७ |
| ८.२ | जैविक विविधता सम्वन्धी विवरण | ५७ |
| ८.३ | नगरमा पाइने मुख्य वनस्पतिहरू | ५८ |
| ८.४ | लघु वन पैदावार | ५८ |
| ८.५ | नगरमा पाईने वन्यजन्तु | ५९ |
| ८.६ | सामुदायिक वन | ५९ |
| | ८.६.१ सुकुना सामुदायिक वन | ५९ |
| | ८.६.१.१. वनको हालको अवस्था | ६० |
| | ८.६.१.२ वनमा रहेका मुख्य प्रजातीहरु | ६० |
| | ८.६.१.३ वन व्यवस्थापन खाका | ६० |
| | ८.६.१.४ वार्षिक संकलन गर्न सकिने वन पैदावारको परिमाण | ६० |
| | ८.६.१.५ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था | ६० |

| | | |
|---|---|---|
| | ८.६.१.६ वन संरक्षणको तरिका | ६० |
| | ८.६.१.७ वन्यजन्तु | ६१ |
| ८.७ | वन व्यवस्थापनको विवरण | ६१ |
| ८.८ | वनमा सामुदायिक सहभागिता तथा वनजन्य उत्पादन | ६१ |
| ८.९ | निजी वन | ६१ |
| ८.१० | धार्मिक वन | ६१ |
| ८.११ | जडिबुटी सम्बन्धी विवरण | ६२ |
| ८.१२ | संरक्षणको सुचिमा राखिनु पर्ने जडिबुटीहरू (जैविक विविधता) | ६२ |
| ८.१३ | वन पैदावरमा आधारित उद्योगहरूको विवरण | ६२ |
| ८.१४ | जलवायू परिवर्तनका लागी अनुभव गरिएका सुचकहरूको विवरण | ६२ |
| ८.१५ | वन संरक्षणका लागि चाल्नु पर्ने कदम | ६२ |


## खण्ड ९ : विकास सुचकांक र गरिबीको स्थिति


| | | |
|---|---|---|
| ९.१ | मानव विकास सुचकको विवरण (HDI) | ६३ |
| ९.२ | मानव गरीबी सूचकांक (Human Poverty Index) | ६३ |
| ९.३ | मानव विकास र गरीबी | ६४ |
| ९.४ | गरिबी न्यूनीकरण | ६४ |
| ९.५ | समग्र विकास स्थिति | ६४ |
| ९.६ | फोहोर मैला व्यवस्थापन | ६५ |

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ मा व्यवस्था भएको बमोजिम कोसीहरैँचा नगरपालिकाको पार्श्वचित्र निर्माणको प्रयोजनका लागि नगरको वस्तुस्थिती झल्कने गरी नगरपालिका पार्श्वचित्र तयार गर्न लागिएको हो। भरपर्दो तथ्याङ्कीय आधारमै वैज्ञानिक योजना पद्धतिको जग हो। यसले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरुको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुनाले नगरमा रहेका विषयगत कार्यालयहरु तथा अन्य संघसंस्थाहरुको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरुलाई व्यवस्थीत ढंगले संकलन गरी यो नगरपालिका पार्श्वचित्र तयार गरिएको छ।

ग्रामिण क्षेत्रमा रहेका आम नागरिकका लागि राज्यको अनुभुती दिलाउने तथा सम्पूर्ण नेपालीहरुलाई समान रुपमा स्तरिय सेवा प्रदान गर्ने स्थानीय सरकारको रुपमा नेपालका गाउँ विकास समिति तथा नगरपालिकाहरुले काम गरिरहेका छन्। भौगोलिक अवस्थिती भौतिक विकास एवं सामाजिक सेवाको पहूँचका आधारमा राजनैतिक तवरबाट विभाजित भौगोलिक परिधीलाई गाउँ विकास समिति/नगरपालिका क्षेत्र भनिन्छ। करिव ८० प्रतिशत ग्रामिण जनसंख्यारहेको नेपालमा बहुभाषिक तथा बहुसांस्कृतिक समाज बीचको सामञ्जस्यताकासाथ स्थायी जनताकै अग्रसरता र आवश्यकतामा आधारित विकास कार्यक्रमको चुस्त कार्यान्वयन एवं सेवाग्राहीलाई सुलभ तथा निष्पक्ष सेवाको मुख्य अभिप्रायले आएको स्थानीय स्वायत्तशासन ऐन २०५५ अनुसार सेवाको अनुभुती दुर्गम गाउँका अति विपन्न जनतासम्म पुऱ्याउने योजना अनुरुप स्थानीय तहको भौतिक, भौगोलिक, सामजिक, शैक्षिक, स्वास्थ्य, जनसांख्यिक जस्ता विकासात्मक वस्तुस्थितीको जानकारी लिएर योजनाबद्ध ढंगले सर्वाङ्गीण विकास गर्न सजिलो होस भन्ने उद्देश्यले यस नगरपालिकाले एक नगर पार्श्व चित्र (Municipality Profile/नगरको परिचय पुस्तिका) तयार गर्ने देशब्यापी कार्यक्रम तय गरेको र सोही सिलसिलामा यो अध्ययन सञ्चालन भएको हो।

पार्श्वचित्र सम्बन्धी अवधारणा पस्चिमा देशबाट विकास भई ज्ञानको विश्वब्यापिकरण संगसंगै नेपालमा समेत लोकप्रिय भईसकेको छ। कुनै ब्यक्ति, संस्था, स्थान क्षेत्र आदिको वस्तुगत जानकारी दिने पुस्तिकालाई पार्श्वचित्र भनिन्छ। यस अध्ययन पुस्तिकामा मोरङ जिल्लाको कोसीहरैँचा नगरपालिकाको विविध पक्षको जानकारी समाविष्ट गरिएको हुनाले यसले कोसीहरैँचा नगरपालिकालाई वस्तुगत रुपमा परिचित गराउने छ।

गाविस तथा नगरपालिकाको कार्य निर्देशकको रुपमा रहेको स्थानीय स्वायत्त शासन ऐन अनुसार जारी गरिएको नियमावलीले तोकेबमोजिमको क्षेत्रमा अध्ययन गरिने यस अध्ययनले गाउँ तथा नगरको वस्तुस्थिति सम्बन्धी वस्तुगत रुपमा तथ्यपरक ढंगले संकलन गरिएको सूचनाका आधारमा वैज्ञानिक प्रविधिको उपयोग गर्दै वास्तविकतामा आधारित जानकारीहरु समेटी व्यवस्थित रुपमा यथार्थता प्रस्तुत गरी नगरपालिका र अन्य सरोकारवालाहरुलाई अल्पकालिन तथा दिर्घकालिन प्रकृतिका विकास निर्माण एवं जनचेतनामूलक कार्यक्रमहरुको संचालनमा भरपुर सहयोग पुऱ्याउनेछ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन्।

क) नगरभित्र रहेका सेवा सुविधाहरुको बारेमा जानकारी गराउने।

ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरुको अवगत गराउने।

ग) नगरपालीकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थिति पत्ता लगाउनु।

घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्नु ।

छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तर सम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्नु ।

ज) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्नु ।

झ) नगरपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.३ अध्ययनको महत्व

विकास सदैव सापेक्षित हुन्छ । यसको तुलनामा या त लक्षित क्षेत्रलाई सोही प्रकृतिको अन्य क्षेत्रसंग गरिन्छ या त उक्त क्षेत्रको फरक समयको अवस्थिति बीच गरिन्छ । उल्लेखित दुवै प्रकृतिको तुलनात्मक मुल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट हुनु जरुरी छ । आवस्यकतामा आधारित विकासात्मक कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले कोसीहरैँचा नगरपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा नगर पार्श्वचित्रको यस अध्ययनले सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, विकासात्मक योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरुलाई समेत उपयोगी हुने भएकोले यो अध्ययनको महत्व रहेको छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सकृयतामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय निकाय अन्तर्गत नगरपालिकाहरुलाई दिँदै आएको विकास अनुदानमा ५ लाखबाट बढाएर आ. ब. २०६५/०६६ देखि न्यूनतम १५ लाखदेखि अधिकतम ४६ लाखसम्म पुऱ्याएको छ । विकास खर्च थप गर्नुका साथै सोही आ.व. देखि नेपाल सरकारले नगरपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक नगरपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Municipality profile  तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले निकै कमजोर स्थिति रहेको हाम्रो देश नेपालको सन्दर्भमा यस प्रकारको कार्य नविन रहेता पनि यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा नगरपालिकाले उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यन्वयन एवं् अनुगमन मूल्याङ्कनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ अध्ययन विधि

अध्ययनको क्रममा के-कस्ता तरिका र साधनहरूको प्रयोग गरियो त्यसैलाई अध्ययन विधिमा उल्लेख गरिएको छ । नगर पार्श्वचित्रका तयारीका विधीहरु निम्नानुसार छन् ।

१. विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरुबाट उपलब्ध तथ्याङ्कहरु समावेश गरिएको छ ।

२. राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरिएको छ ।

### १.५.१ तथ्याङ्क संकलन विधी

यस अध्ययनको तथ्याङ्क संकलनको क्रममा तथ्याङ्क संकलन गर्नका लागि निम्न बमोजिमका तरिका तथा विधीहरुको अवलम्वन गरिएको थियो ।

### क) तथ्याङ्क संकलनका साधनहरु

यस अध्ययनका क्रममा संस्थागत तथा व्यवसाय सम्बन्धी तथ्याङ्क संकलनको लागि रुजु सुचीहरु तयार गरिएको थियो। अन्य विभिन्न द्वितिय तथ्याङ्क संकलन गर्न छुट्टाछुट्टै रुजुसुचीहरु तयार गरि प्रयोग गरिएको थियो।

### १.५.२ तथ्याङ्कको प्रस्तुति तथा विश्लेषण


यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा विभिन्न तालिकाहरु तथा चित्रहरुको प्रयोग गरी बर्णनात्मक तथा तुलनात्मक रुपमा बिश्लेषण गरिएको छ।

## १.६ अध्ययनका सीमाहरु

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम नगर पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्याङ्कहरुको स्रोत र आधार वर्ष खुलाईएको छ। नगरका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धित नगरपालिका आदि स्रोतहरुबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणा अनुसार यस दस्तावेजले कोसीहरैंचा नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिनु पर्ने हो। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको पावन्दीले यस अध्ययनलाई पनि केही सिमिततामा बाँधिएको छ। यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा तयार गरिएका प्रश्नावलीले निर्दिष्ट तथ्याङ्क संकलन गरिएको छ। मानव संसाधनको सिमितताका कारणले अध्ययनका लागि कार्य क्षेत्रमा खटाइएका जनशक्तिको क्षमतामा संकलित तथ्याङ्क नै अध्ययनको आधार बनेको छ। अध्ययनको अर्को निर्धारकको रुपमा स्थानीय विकास मन्त्रालयले उपलब्ध गराएको अध्ययनको ढाँचा रहेको छ। त्यसैगरी, जानकारीको द्वितिय स्रोतको रुपमा उपलब्ध तथ्यलाई यस अध्ययनले प्रयोग गरेको छ जसको गहनता सम्वन्धित निकायहरूको कार्य कुसलतामा निर्भर हुन्छ। त्यसैले यो नगर पार्श्वचित्र प्राथमिक तथा द्वितीय स्रोतमा आधारित रहेको छ।

# खण्ड २ : कोसीहरैचा नगरपालिकाको परिचय

## २.१ नगरपालिकाको संक्षिप्त परिचय



पूर्वाञ्चल विकास क्षेत्र मोरङ जिल्ला अर्न्तगत पर्ने कोसीहरैँचा नगरपालिका कुनै समय मोरङ जिल्लाको सदरमुकाम समेत रहेको भनि विश्वास गरिएको हरैचा, पछि हरैचा गाविस, हरैचा गा.वि.स.बाट २०३९ सालमा निर्माण भएको ईन्द्रपुर गा.वि.स. र मृगौलिया गाविसहरुलाई मिलाएर नेपाल सरकारले मिति २०७१ साल वैशाख २५ गतेको निर्णय बमोजिम यस नगरपालिकाको गठन भएको हो । पूर्व पश्चिम लोकमार्गको करीव ५ किलोमिटरको भागले छोएको तथा खोर्साने बाट केरावारी जोड्ने सडक र विराटचोक देखि विराटनगर जोड्ने सडकले समेत यस नगरपालिकालाई जोडेको छ । सुकुना बहुमुखी क्याम्पसका अतिरिक्त २५ भन्दा बढी सामुदायिक विद्यालयहरु यस नगरपालिकामा अवस्थित एवम् संचालित छन् । मोरङ जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै सम्भावना बोकेको नगरपालिकाको रुपमा कोसीहरैँचा नगरपालिका त छँदैछ यसका अतिरीक्त सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । करिव ४१.८७ प्रतिशत जनसंख्या क्षेत्री/ब्राम्हण र १०.४५ प्रतिशत थारु एवं ५.८८ प्रतिशत नेवारहरुको बसोबास रहेको छ । यस नगरपालिकामा १५ वडाहरु रहेका छन् । अर्धसहरी क्षेत्रको रुपमा रहेको नगरपालिकामा आर्थिक गतिविधीका लागि पुर्वाञ्चलका मुख्य बजार मध्येकै एक बजार क्षेत्रको रुपमा रहेको कोसीहरैँचामा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा वैदेशिक रोजगारीको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा ब्यापार र कृषि तथा पशुपालन रहेको छ । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ । यस नगरपालिकामा आधारभूत देखि उच्च शिक्षा सम्म प्रदान गर्ने शैक्षिक संस्था उल्लेख्य मात्रामा रहेका छन् । अध्ययनका लागि यस नगरपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गा.वि.स./नगरपालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् । ब्यक्तिगत ट्युवेलका अलावा एउटा ट्याङ्कीबाट खानेपानीको ब्यवस्थापन भइरहेको र अर्को ट्याङ्की निर्माणाधिन अवस्थामा छ, यस नगरपालिकाका बासिन्दालाई माग बमोजिमको खानेपानी उपलब्ध भइरहेको छैन । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । स्थानीय निकायमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन ।


## २.२ भौगोलिक अवस्थिति

मोरङ जिल्लामा अवस्थित कोसीहरैँचा नगरपालिका पुर्वमा मोरङको बेलबारी नगरपालिका, उत्तरमा चारकोसे झाँडी तथा केरावारी, पश्चिममा सुन्दरदुलारी नगरपालिकासँग सिमाना जोडिएको छ । यस नगरपालिकाको भौगोलिक अवस्थिति २६° ३६' ३" उत्तरी अक्षांशदेखि २६° ४२' ३६" उत्तरी अक्षांशसम्म तथा ८७°१९' १३" पूर्वी देशान्तरदेखि ८७° २४' ४०" पूर्वी देशान्तरसम्ममा रहेको समथर तराई क्षेत्रमा पर्ने यस नगरपालिकाको कुल क्षेत्रफल ६४.२९ वर्ग कि. मि. रहेको छ । नगरपालिकाको अधिकांश क्षेत्र खेतियोग्य अति उर्भर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा सहरीकरणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ । जंगल तथा जलाधार क्षेत्रको कमि नभएको यस नगरपालिकाको परिसरमा सानाठूला गरी आधा दर्जन भन्दा बढी खोला नदी तथा तालतलैयाहरु रहेका छन् । पूर्व-पश्चिम राजमार्गले मध्यभागबाट उत्तर दक्षिणमा विभाजन गरेको यस नगरपालिकामा आधुनिक र परम्परागत दुवै शैलीको मानव वस्ति रहेको छ ।

## २.३ माटोको वनावट र उर्वराशक्ति

प्राकृति सम्पदाको हिसाबले यो नगर कृषिको लागि उपयुक्त उर्वर माटोको धनी नगरपालिका हो । यहाँको करीव ६९ प्रतिशत जमिन खेतीपातीको लागि उपयोग भएको देखिन्छ । करीव २० प्रतिशत जमिन वनजंगल तथा झाँडीले ओगटेको छ भने करिव ११ प्रतिशत जमिन निर्माण क्षेत्रले ओगटेको छ । नगरपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, जौ; नगदेबालीमा तोरी, आलु, सुर्ती, उखु; र दलहन बालीमा मुसुरो, केराउ, चना, भटमास प्रमुख हुन् ।

## २.४ नगरको भू–उपयोग




नगरको २० प्रतिशत भु-भाग वनजंगलले ढाकेको क्षेत्र, ६९ प्रतिशत भू-भाग खेतीयोग्य जमिनको क्षेत्र, ११ प्रतिशत निर्माण क्षेत्रभित्र पर्दछन्। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ। नगरमा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित कोसीहरैंचा नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ।

## २.५ हावापानी

जलवायुको हिसाबले यस नगरपालिका उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ। वार्षिक वर्षा सरदर १८९२ मिलिलिटर हुने गर्दछ। विषेश गरी जेठ महिनादेखि भदौ महिनासम्म निकै गर्मी हुने यस नगरपालिकामा पुस र माघ महिनामा ज्यादै जाडो हुन्छ। गर्मी याममा यहाँको ताफक्रम अधिकतम् ३०.२ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्युनतम १९.० डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस नगरपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. १ :   तापक्रमको विवरण

| तापक्रमको विवरण (1981-2010) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **महिना** | जनवरी | फ्रेबरी | मार्च | एप्रिल | मे | जुन | जुलाई | अगष्ट | सेप्टेम्बर | अक्टुबर | नभेम्बर | डिसेम्बर | वर्ष |
| अधिकतम मापन °C | २२.७ | २६.१ | ३०.९ | ३३.९ | ३३.३ | ३२.९ | ३२.१ | ३२.५ | ३२.१ | ३१.६ | २९.३ | २५.४ | ३०.२ |
| अधिकतम औषत तापक्रम °C | १५.८ | १८.६ | २३.३ | २७.१ | २८.३ | २९.० | २८.८ | २९.२ | २८.४ | २६.४ | २२.३ | १८.० | २४.६ |
| न्यूनतम औषत तापक्रम °C | ९.० | ११.१ | १५.६ | २०.४ | २३.३ | २५.२ | २५.६ | २५.८ | २४.७ | २१.१ | १५.३ | १०.५ | १९.० |
| औषत वर्षा (मि.मि.) | ११.७ | १३.२ | १३.२ | ५३.१ | १८६.० | ३०२.४ | ५३०.८ | ३७८.३ | २९८.८ | ९१.८ | ५.९ | ६.६ | १,८९१.८ |

## २.६ कोसीहरैंचा नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि

पूर्वाञ्चल विकास क्षेत्र मोरङ जिल्ला अर्न्तगत पर्ने कोसीहरैंचा नगरपालिका कुनै समय मोरङ जिल्लाको सदरमुकाम समेत रहेको भनि विश्वास गरिएको हरैचा, पछि हरैचा गाविस, हरैचा गा.वि.स.बाट २०३९ सालमा निर्माण भएको ईन्द्रपुर गाविस र मृगौलिया गाविसहरुलाई मिलाएर नेपाल सरकारले मिति २०७१ साल वैशाख २५ गतेको निर्णय बमोजिम यस नगरपालिकाको गठन भएको हो।

## २.७ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर

नगर क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार, तालतलैया तथा नदीनालाहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस कोसीहरैंचा नगरपालिकाको नगर क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। नगरमा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

नगरमा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ ।

नगरको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशु पञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

नगरपालिकाका क्षेत्रमा प्राकृतिक नदी तथा तालतलैयाहरु भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ ।

नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ ।

नगरपालिकामा रहेका मुख्य धार्मिक तथा पर्यटकीय क्षेत्रहरु बाघभ्फोडा पर्यटकिय स्थल, भुल्के जलाधार पर्यटकिय क्षेत्र, काली खोला क्षेत्र, किचमगढी, साकेला थान, ग्रामथाम धार्मिक स्थल, पचाम ग्राम थाम, नेपाली जामे मस्जिद, मृगौलिया ग्राम थाम, करैवना, मभ्फुवा, देविस्थान धार्मिक स्थल, विभिन्न क्रियासिल चर्चहरु आदि रहेका छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ ।

नगरपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस नगरका युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले बैदेशिक रोजगारमा पठाउने व्यवस्था भएमा नगरको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ ।

यसका अतिरिक्त कोसीहरैंचा नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- नगरपालिका क्षेत्र भित्र रहेका नदी तथा तालतलैयाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यवसायीक रुपमा खेती गर्न सके कृषी उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तर वद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र नगरपालिकाको सुन्दरतामा बृद्धि हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषी उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषी उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- मोरङ्ग जिल्लाको उत्तरपूर्वी क्षेत्रमा अवस्थित यस नगरपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।

## २.८ नगरपालिकाको चुनौती तथा समस्याहरु

यस कोसीहरैंचा नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ।

- नगरपालिकाको क्षेत्र भित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु।
- नगरपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु।
- नगरपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु।
- कृषीयोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु।
- स्थानीय स्वायत्त शासन ऐन २०५५ वमोजिमको कर संकलन गर्न नसकिनु।
- आयश्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु।
- बढ्दो शहरीकरणलाई व्यवस्थित बनाउन नसक्नु।
- स्थानीय जनप्रतिनिधिको खाँचो हुनु।
- कृषीयोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु।
- कोसीहरैंचामा खेलकुद स्थानको राम्रो विकास हुन नसक्नु।

## २.९ नगरपालिकाको अन्तर नगर सम्बन्ध

नगरहरुको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगरहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरले अर्को नगरमा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस नगरपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य नगर तथा गाउँबाट आउने गरेको देखिन्छ। पहाडी क्षेत्रबाट कृषि र बनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन। तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा सुविधा सम्पन्न भएकोले बसाई सराईको प्रबृत्ति निकै बढी देखिन्छ। भौगोलिक रुपमा एउटै क्षेत्रमा अवस्थित हुँदा हवाई र सडक यातायातको सुविधाका कारणले सुविधा उपलब्ध नगरहरूमा सेवा लिन जाने गर्दछन। मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले अन्तरनगरपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस नगरपालिकाको छिमेकी गा.वि.स. /नगरपालिका तथा जिल्ला विकास समिति जस्ता सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ। फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ। त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ।

## २.१० शहरीकरणको स्वरुप

नगरपालिकामा सडक, विद्युत, संचार जस्ता सुविधाहरू रहेकाले शहरीकरण प्रक्रियाले तिव्र रुप लिएको देखिन्छ। पन्ध्र ओटा वडाहरु रहेको यस कोसीहरैंचा नगरपालिकामा कतिपय वडाहरूमा ग्रामीण विशेषता रहेका पाइन्छन् भने धेरैजसो वडाहरुमा शहरीकरण भइरहेको पाइन्छ। वडा नं. १, ३, ४, ५, ६, ९, १३ र १४ मा मुख्य शहरी क्षेत्र विद्यमान छ। नगरका अधिकांश भू-भागबाट आन्तरिक तथा बाह्य बसाइसराइको क्रम तिव्ररुपमा बढिरहेको हुँदा ती स्थानमा व्यवस्थित नगर योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ।

## २.११ बस्ती विकासमा देखिएका समस्या तथा चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीव्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हनु सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यलय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन।
- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। शहरी बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बराजको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु जरुरी रहेको देखिन्छ।

## २.१२ प्रमुख स्थान

### २.१२.१ बाघझोडा सिमसार क्षेत्र



नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। यस नगरका मुख्य गरी बाघझोडा, किचकगढी क्षेत्र, कालीखोला क्षेत्र मंगलस्मृति प्रतिष्ठान, भुल्के जलाधार क्षेत्र, मझुवा बाँध जस्ता थुप्रै तालहरू रहेका छन्। ती ताल क्षेत्रहरूमा विभिन्न किसिमका दुर्लभ चराचुरुङ्गीहरू र सरिसृप (Reptiles) हरूको बास मानिन्छ। यस नगरमा साना ठुला गरी करिव आधा दर्जनभन्दा बढी प्राकृतिक ताल तलैया रेकर्ड गरिएको छ। यी ताल तलैयाहरू जैविक विविधताले भरिपूर्व रहेका छन्।

बाघझोडा सिमसार क्षेत्र कोसीहरैँचा नगरपालिकाको उत्तरतर्फ रहेको छ। यस क्षेत्रमा सुकुना सामुदायिक वन, उपभोक्ता समिति बाघझोडा मार्फत संचालन र व्यवस्थापनमा रहेको छ। यस सामुदायिक वनमा सालका रुखहरु प्रशस्त मात्रामा पाईन्छन्। यस सिमसार क्षेत्रको उत्तरपूर्वी क्षेत्रमा २ वटा तालहरु सिमसार क्षेत्रको रुपमा रहेका छन्। यसबाट सिँचाइ नपुगेका क्षेत्रहरुमा व्यवस्थित योजना बनाएर सिँचाई गर्न सकिने सम्भावना रहेको छ। साथै, नगरको प्राकृतिक वातावरणलाई सुन्दरता प्रदान गरेको छ। यस बाघझोडा क्षेत्रमा धार्मिक मन्दिर तथा खेल मैदान पनि रहेको छ। यस मैदानको व्यवस्थित उपयोग गर्न सके यस नगरबाट प्रतिभावान खेलाडी उत्पादन गर्न सकिने सम्भावना समेत रहेको छ।

### २.१२.२ किचकगढी

कोसीहरैँचा नगरपालिकाको वडा नं. १४ मा यस गढी रहेको छ। यो गढी ऐतिहासिक, धार्मिक, पुरातात्विक दृष्टिकोणले राष्ट्रिय सम्पदाको हैसियत बोकेको स्थान मान्न सकिन्छ। वृद्धवृद्धाको भनाई एवं जनश्रुतिका आधारमा यस

गढी पहिले निकै फराकिलो, उच्च डाँडो, अण्डाकार, घना जंगल भएको, वरिपरि ठूलो र गहिरो जलाशय भई चारैतिरको भूभाग पूर्णरुपमा धाप हुनुका साथै अव्यवस्थितरुपमा रहेको थियो । त्यस स्थानमा जान पूर्वउत्तर र पूर्वदक्षिण गरी दुई वटा साना बाटोका अतिरिक्त अन्य कुनै बाटा थिएनन् । पूजाआजाको पर्वमा समूहगत रुपमा बाहेक अन्य समयमा एक्लै-दोक्लै यस गढीको परिसरमा जान मानिसहरु डराउँथे । आश्चर्य लाग्ने कुरा त के छ भने यहाँ कुनै बेला सेतो सिंह, सेतो हात्ती र कुनै बेला बुलाकी लगाएका ठूला सर्पहरु र यस्तै अन्य दृष्यादृष्य सरिसृप, जनावरका साथै अनौठा जीवहरु भेटिने हुनाले यस गढीमा मानिसहरु एक्लै जान हिचकिचाउँथे ।

गढीको पूर्व भौगोलिक तथा अलौकिक शक्तिका सन्दर्भमा तथ्यगत अवस्था नियाल्दा छोटो समयमा निकै ठूलो परिवर्तन भएको स्पष्ट देखिन्छ । हाल यो गढी साँगुरो र होचो हुँदै गएको छ । गढी वरिपरिका जलाशय तथा धापहरु पूरा समाप्त भई सुख्खा खेती योग्य जमिनमा परिणत हुँदै गएका, पुराना र ठूला रुखहरु सम्पूर्ण काटिई उजाड भएका छन् । दुइचार वर्ष अघिमात्र केही राजनीतिक दल तथा गाउँबासीहरुबाट केही वृक्षारोपण गरिएको र ग्रामथान नामक दुईओटा साना मन्दिर निर्माण गरिएका छन् । साथै यो स्थानसम्म पुग्ने कच्ची धुलौटे बाटो निर्माण भएको छ । पूजा व्यवस्थापन समिति गठन गरिएको र हरेक वर्ष  वैशाख १४ गते परम्परागत पूजनोत्सव हुनुका साथै सोही दिन १ दिने मेला लाग्ने बाहेक यस ऐतिहासिक सम्पदाको संरक्षण र समुन्नतिमा आजसम्म कसैको खासै चासो पुगेको देखिदैंन ।

“किचकगढी जाऔं, आन्तरिक पर्यटनको विकास गरौं” भन्ने यथार्थलाई दृष्टिगत गर्दै आजसम्म ओझेलमा परेका उल्लेखति ऐतिहासिक पुरातात्विक र धार्मिक गढीको महत्वलाई उजागर गर्न यसको विकास र प्रवर्द्धन गर्नुपर्ने देखिन्छ ।

## २.१३ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु




अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीक बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ । पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

प्राकृतिक ताल, तलैया, सिमसार क्षेत्र तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाहृय पर्यटकहरुको भ्रमण हुने गर्दछ । भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला नदी, नालाहरु  प्रशस्त पोखरी, ताल, तलैयाहरुको निर्माण हुन गएको छ । यहाँ भएका प्रमुख नदी/खोलाहरूमा लोहोन्द्रा, किस्ती

खोला, झरना खोला, सुकुना, पश्चिम सिमानामा मदाहा खोला रहेका छन् । प्रमुख तालतलैयाहरूमा बाघझोडा, किचकगढी क्षेत्र, कालीखोला क्षेत्र मंगलस्मृति प्रतिष्ठान, भुल्के जलाधार क्षेध, मझुवा बाँध आदी छन् ।

तालिका नं. २ : नगरमा रहेका प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरु

| सि.नं. | धार्मिक स्थलको नाम | महत्वका कारण | प्रसिद्धिको कारण |
|---|---|---|---|
| १ | बाघझोडा पर्यटकिय स्थल वडा नं. १ | वनभोज भईरहने | सिमसार क्षेत्र |
| २ | भुल्के जलाधार संरक्षण क्षेत्र वडा नं. १२ | धार्मिक पर्यटन | सिमसार, जरुवा पानी र मन्दिर |
| ३ | काली खोला क्षेत्र वडा नं. ३ | मकर संक्रान्ती | सिमसार र मन्दिर |
| ४ | किचकगढी क्षेत्र वडा नं. १४ | ऐतिहासिक, धार्मिक, साँस्कृति क्षेत्र | ऐतिहासिक पुरातात्विक स्थान |
| ५ | साकेला थान वडा नं. २ | चण्डी पर्व आदिको समयमा | जातिय साँस्कृतिक र धार्मिक |
| ६ | ग्रामथाम धार्मिक स्थल वडा नं. १५ | धार्मिक पर्यटन | मन्दिर आदि |
| ७ | पचाम ग्राम थाम वडा नं. ५ | धार्मिक | |
| ८ | नेपाली जामे मस्जिद वडा नं. २ | ईद र बकरईदमा भेला हुने | मुस्लिम धर्मावलम्बीहरुको प्रमुख मस्जिद |
| ९ | मृगौलिया ग्राम थाम | वैशाख १२ | धार्मिक स्थल |
| १० | करैवना | वैशाख १३ | धार्मिक |
| ११ | मझुवा | वैशाख १५ | धार्मिक |
| १२ | देविस्थान धार्मिक स्थल वडा नं. ६ | वैशाख पूर्णिमा | धार्मिक स्थल |
| १३ | विभिन्न क्रियासिल चर्चहरु | क्रिसमस | धार्मिक आस्था |

## २.१४ मुख्य चाडपर्वहरु

यस नगरपालिकामा मिश्रीत धर्मावलम्बीहरुको बसोबास रहेको छ । धार्मिक समुदायअनुसार मनाइने चाडपर्वहरुको विवरण उल्लेख गरिएको छ ।

बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सग्रान्ती, मागी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध जितीया, सिरुवा (विशेषगरी थारु-खवास), कूल-थानी पूजा, ग्रामथान पूजा, उँधौली, उभौंली पूजा, चण्डिपूर्णीमा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, ईद, वकरईद, इदुलफितर, सोभेरात, क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईने डे आदि ।

# खण्ड ३ : जनसाङ्खिक विवरण

## ३.१ जनसंख्याको विवरण

राष्ट्रिय जनगणना, २०६८ अनुसार कोसीहरैंचाको जनसंख्या ४७,७८२ जना रहेको छ जस मध्ये पुरुष ४६.७५ प्रतिशत (२२३३८ जना) र महिला ५३.२५ प्रतिशत (२५,४४४ जना) रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८७.७९ रहेको छ। जनगणना, २०६८ मा वार्षिक जनसंख्या वृद्धिदर २.७२ प्रतिशत रहेको छ। यही वृद्धिदर कायम रहेमा हालको जनसंख्या दोब्बर हुन करिव २६ वर्ष लाग्ने देखिन्छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ७४३ जना प्रति वर्ग किलोमिटर रहेको छ। मोरङ जिल्लाको जनघनत्व ५२० प्रति वर्ग कि.मि. रहेको छ। यस नगरको कुल जनसंख्या मध्ये ६०.८५ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३०.२० प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ८.९६ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। यस नगरमा जम्मा १५ वडाहरु छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार कोसीहरैंचा नगरपालिकामा १०,३५९ घरपरिवार रहेका छन्। यो संख्या अघिल्लो राष्ट्रिय जनगणना, २०५८ को भन्दा ११,३८२ ले अधिक हो। हाल यस नगरमा प्रति परिवार औषत ५.७२ जना सदस्य रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस नगरको कुल जनसंख्या मध्ये १.८५ प्रतिशत (८८५ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जस मध्ये ५०७ जना पुरुष र ३७८ जना महिला छन्। यही पछिल्लो जनगणना अनुसार यस नगरबाट ३,१५३ जना विदेश गएका देखिन्छन्। नगरमा परिवारको औषत आकार २०६८ मा ५.७२ रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ। जिल्लामा परिवारको आकार तुलनात्मक रुपमा ठूलो देखिन्छ।

तालिका नं. ३ : जनसंख्याको विवरण

| विवरण | सन् २००१ | सन् २०११ |
|---|---|---|
| जम्मा जनसंख्या | ३६४०० | ४७७८२ |
| पुरुष | १७८९१ | २२३३८ |
| महिला | १८५०९ | २५४४४ |
| लैंगिक दर | ९६.६६ | ८७.७९ |
| जम्मा घरधुरी | ७४९६ | १०३५९ |
| औषत परिवार आकार | ४.८८ | ५.७२ |
| ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर | - | ७५.४६ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ५६७ | ७४३ |


## ३.२ वडागत जनसंख्याको विवरण

तालिका नं. ४ : वडागत जनसंख्याको विवरण

| वार्ड नं. | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ | ६.०१ | १५२० | ९१४० | ४२१७ | ४९२३ |
| २ | ५.२२ | ४८२ | २५१७ | १२०३ | १३१४ |
| ३ | ४.२४ | १३०० | ५५०९ | २५५५ | २९५४ |
| ४ | ४.१९ | १२९९ | ५४४४ | २५५१ | २८९३ |
| ५ | ४.३२ | ४४७ | १९३३ | ८८६ | १०४७ |
| ६ | ४.६९ | ५५२ | २५९० | १२१६ | १३७४ |
| ७ | ४.५२ | ५८० | २६२४ | १२२० | १४०४ |
| ८ | ४.१३ | ६२६ | २५८५ | १२३५ | १३५० |
| ९ | ४.३३ | ६८६ | २९७२ | १३६४ | १६०८ |
| १० | ४.३९ | ३२३ | १४१७ | ६७५ | ७४२ |
| ११ | ४.१८ | ५३९ | २२५३ | १०८३ | ११७० |
| १२ | ४.४१ | ५२३ | २३०७ | १०७३ | १२३४ |
| १३ | ४.४२ | ५०४ | २२२८ | १०७५ | ११५३ |
| १४ | ४.२९ | ५९५ | २५५३ | ११९० | १३६३ |
| १५ | ४.४६ | ३८३ | १७१० | ७९५ | ९१५ |
| जम्मा | ४.६१ | १०३५९ | ४७७८२ | २२३३८ | २५४४४ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११


माथिको तालिकामा १५ ओटा वडाहरूको जनसंख्याको विवरण देखाएको छ। जसमध्ये तुलनात्मक रूपमा जनसंख्याको चाप उच्च भएका वडाहरुमा वडा नं. १, ३ र ४ छन भने, कम जनसंख्याको चाप भएका १०, १५ र ५ आदि रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



## ३.३ जनसंख्या बृद्धिदर

२०५८ सालको राष्ट्रिय जनगणना हुँदा यस नगरपालिका साविकका विभिन्न गा.वि.स.हरु हरैचा, मृगौलिया र इन्द्रपुर रहेका थिए जसअसनुसार यी गा.वि.स.हरुको कुल जनसंख्या ३६,४०० रहेकोमा २०६८ सालमा कुल जनसंख्या ४७,७८२ जसको बृद्धिदर २.७२ प्रतिशत रहेको छ। यसबाट के स्पष्ट हुन्छ भने नगरमा जनसंख्या वृद्धिदर उच्च रहेको देखिन्छ।

## ३.४ उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण




कुनै पनि देशले विवाहका लागि कानुनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही क्षेत्रहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्।

राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थय सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।

## ३.५ पहिलो विवाह गर्दाको उमेरको विवरण

तालिका नं. ५ : पहिलो विवाह गर्दाको उमेरको विवरण

| जनजणना वर्ष | १० वर्षसम्म | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५० भन्दा माथि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०११ | ४१३ | २००४ | ९५२५ | ८०२९ | २८९० | ७६६ | १७८ | ४२ | २७ | ० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

१० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। नगरपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या सबैभन्दा बढी ३९.९ प्रतिशत देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या ३३.६३ प्रतिशत देखिन्छ। १० देखि १४ वर्ष उमेरसमूहको बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ८.३९ प्रतिशत रहेको देखिन्छ। नगरमा अझै पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलन रहेको देखिन्छ। जसलाई उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ।


## ३.६ दस वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

तालिका नं. ६ : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| विवरण | जम्मा | कहिल्यै विवाह नभएको | एक विवाह भएका | बहु विवाह भएका | पुर्न:विवाह भएका | विधवा/विधुर | पारपाचुके भएका | छुट्टिएका |
|---|---|---|---|---|---|---|---|---|
| महिला र पुरुष दुवै | ३९०२६ | १३५८९ | २२७७४ | ५४२ | ५५७ | १४१२ | ४१ | १११ |
| पुरुष | १७८२२ | ७२५६ | ९३४७ | ४७५ | ४२१ | २७६ | १९ | २८ |
| महिला | २१२०४ | ६३३३ | १३४२७ | ६७ | १३६ | ११३६ | २२ | ८३ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

नगरमा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहित स्थितिको अवस्था देखाइएको छ। जसमा ५८.३६ प्रतिशत एक विवाह गर्नेको संख्या र पुन: विवाह गर्ने १.४३ प्रतिशत रहेको छ। बहु विवाह गर्ने १.३९ प्रतिशत, विधुवा/विधुर ३.६२ प्रतिशत, पारपाचुके भएका ०.११ प्रतिशत र छुट्टिएका ०.२८ प्रतिशत रहेका छन्। नगरमा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा १०.८८ प्रतिशतले बढी रहेको छ। भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा ४०८ ले बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.७ उमेरगत, लिङ्गगत तथा आश्रित जनसख्याको विवरण

तालिका नं. ७ : उमेर समूहअनुसार जनसंख्याको विवरण


| उमेर समुह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | १९५४ | १८८८ | ३८४२ | ८.०४ | १.०३ |
| ५-९ | २५६२ | २३५२ | ४९१४ | १०.२८ | १.०९ |
| १०-१४ | २८८३ | २७९१ | ५६७४ | ११.८७ | १.०३ |
| १५-१९ | २६०९ | २७०१ | ५३१० | ११.११ | ०.९७ |
| २०-२४ | १७१९ | २५५६ | ४२७५ | ८.९५ | ०.६७ |
| २५-२९ | १४६४ | २४४९ | ३९१३ | ८.१९ | ०.६० |
| ३०-३४ | १४६६ | २१६७ | ३६३३ | ७.६० | ०.६८ |
| ३५-३९ | १४०० | १७९० | ३१९० | ६.६८ | ०.७८ |
| ४०-४४ | १२७९ | १४४७ | २७२६ | ५.७१ | ०.८८ |
| ४५-४९ | १०६१ | ११८० | २२४१ | ४.६९ | ०.९० |
| ५०-५४ | १०४९ | ११२३ | २१७२ | ४.५५ | ०.९३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५५-५९ | ८०० | ८१३ | १६१३ | ३.३८ | ०.९८ |
| ६०-६४ | ७०१ | ७४६ | १४४७ | ३.०३ | ०.९४ |
| ६५-६९ | ५४८ | ५५१ | १०९९ | २.३० | ०.९९ |
| ७०-७४ | ३४८ | ३४८ | ६९६ | १.४६ | १.०० |
| ७५-७९ | २४१ | २८५ | ५२६ | १.१० | ०.८५ |
| ८०-८४ | १६४ | १५४ | ३१८ | ०.६७ | १.०६ |
| ८५-८९ | ५८ | ५५ | ११३ | ०.२४ | १.०५ |
| ९०-९४ | १९ | ३५ | ५४ | ०.११ | ०.५४ |
| ९५ | १३ | १३ | २६ | ०.०५ | १.०० |
| जम्मा | २२३३८ | २५४४४ | ४७७८२ | १००.०० | ०.८८ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

नगरमा सन् २०११ मा, ०-१४ वर्ष उमेर समूहको संख्या ३०.२५ प्रतिशत रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या ४८.२३ प्रतिशत छ काम गर्ने उमेर १५ देखि ६० वर्षसम्मको जनसंख्या ६०.८५ प्रतिशत रहेको छ। हाम्रो देशको परिप्रेक्षमा २०-६० उमेर समुहको जनसंख्यालाई आर्थिक उपार्जन गर्न सक्ने सक्रिय जनसंख्या मानिन्छ। यहाँ ४९.७३ प्रतिशत जनसंख्या सक्रिय जनसंख्या रहेको छ भने ६० वर्ष भन्दामाथि उमेर समूह अर्थात आश्रीत जनसंख्या ८.९६ रहेको देखिन्छ। यसअनुसार नगरमा मानव स्रोत प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या ५३.२५ प्रतिशत र पुरुषको जनसंख्या ४६.७५ प्रतिशत रहेको छ र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर ६.५ प्रतिशत देखिनुका साथै लैङ्गिक अनुपातलाई हेर्दा प्रति ८७.७९ पुरुषकोसंख्या बराबर १०० महिला रहेका छन्। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।

## सन् २०११ मा उमेर समूहअनुसार जनसंख्याको विवरण




## ३.८ घरमूलीको लैङ्गिक विवरण

नेपाल पुरुष प्रधान देश भएको अवस्थामा यस कोसीहरैँचा नगरपालिकामा चाहिँ घरमूलीको अवस्था कस्तो छ भनि तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ८ : घरमुलीको लैङ्गिक विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १३९१ | ३५० | ८४६ | ९१० | ३१५ | ४२० | ४३१ | ४८२ | ४४५ | २६९ | ४५३ | ३५२ | ३८० | ४४२ | २८१ | ७७६७ |
| महिला | ८७३ | १३२ | ४५४ | ३८९ | १३२ | १३२ | १४९ | १४४ | २४२ | ५४ | ८६ | १७१ | १२५ | १५३ | १०२ | ३३३८ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११




जम्मा १११०५ घरधुरी संख्या रहेको यस नगरपालिकामा ६९.९४ प्रतिशत घरमा चाहिँ पुरुषहरु नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने सानो हिस्सामा करिव सात भागको एक भाग मात्र ३०.०६ प्रतिशत महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ। यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ । अझ यसलाई वडागत रुपमा छुट्याएर हेर्दा पनि कुनै पनि वडामा महिला र पुरुषको समान अवस्था भने देखिँदैन जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।


## ३.९ मातृभाषाअनुसार जनसंख्या विवरण

तालिका नं. ९ : मातृभाषाअनुसार जनसंख्या विवरण

| क्र.स. | भाषा | जम्मा जनसंख्या | प्रतिशत | क्र.स. | भाषा | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | २७२८६ | ५७.११ | १५ | चाम्लीङ्ग | १४२ | ०.३० |
| २ | मैथिली | १७०३ | ३.५६ | १६ | सन्थाली | १०६ | ०.२२ |
| ३ | भोजपुर | २६५ | ०.५५ | १७ | दनुवार | ५७५ | १.२० |
| ४ | थारु | ४७०६ | ९.८५ | १८ | उरनवा | ११२६ | २.३६ |
| ५ | तामाङ्ग | ८२४ | १.७२ | १९ | सनुवार | ५१ | ०.११ |
| ६ | नेवार | १७७९ | ३.७२ | २० | बङ्गला | २६८ | ०.५६ |
| ७ | मगर | ४४८ | ०.९४ | २१ | धिमाल | २२९ | ०.४८ |
| ८ | वान्तवा | ३५९ | ०.७५ | २२ | भुजेल | ३५४९ | ७.४३ |
| ९ | गुरुङ | १९८ | ०.४१ | २३ | बाहिङ | ४० | ०.०८ |
| १० | लिम्बू | ११८५ | २.४८ | २४ | दुङमली | ७२ | ०.१५ |
| ११ | ऊर्दू | १०२२ | २.१४ | २५ | राई | १०३९ | २.१७ |
| १२ | राजवंशी | ८१ | ०.१७ | २६ | अन्य | ५११ | १.०७ |
| १३ | शेर्पा | ५४ | ०.११ | २७ | उल्लेख नगरिएको | ७८ | ०.१६ |
| १४ | हिन्दी | ८६ | ०.१८ | | जम्मा | ४७७८२ | १००.०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

यस नगरमा अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा बडो विविधता रहेको पाइन्छ । नगरमा नेपाली भाषालाई मातृभाषाको रुपमा बोल्नेहरुको जनसंख्या ५७.११ प्रतिशत रहेको छ भने अन्य भाषालाई मातृभाषाको रुपमा बोल्नेहरुको जनसंख्या ४२.७३ प्रतिशत रहेका छन् । सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा देखाइएको छ ।




## ३.१० जातजाती समूहअनुसार जनसंख्याको विवरण

तालिका नं. १० : जातजाती समूहअनुसार जनसंख्याको विवरण

| क्र. सं. | जातजाती | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | १०११९ | २१.१८ |
| २ | ब्राह्मण | ९८८८ | २०.६९ |
| ३ | थारु | ४९९१ | १०.४५ |
| ४ | खवास | ३७८६ | ७.९२ |
| ५ | नेवार | २८०९ | ५.८८ |
| ६ | राई | २४९४ | ५.२२ |
| ७ | लिम्बू | १५२८ | ३.२० |
| ८ | झङ्गड/धागर | ११९७ | २.५१ |
| ९ | कामी | ११९२ | २.४९ |
| १० | मुसलमान | ११८१ | २.४७ |
| ११ | तामाङ्ग | ११७५ | २.४६ |
| १२ | दनुवार | ८१७ | १.७१ |
| १३ | दमाई/ढोली | ८०० | १.६७ |
| १४ | मगर | ७८८ | १.६५ |
| १५ | अन्य | ५०१७ | १०.५० |
| | जम्मा | ४७७८२ | १००.०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

यो नगरमा सामाजिक संरचनाको दृष्टिकोणबाट बढो विविधतायुक्त रहेको पाईन्छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरमा ५३ वटा जात/जातिको बसोबास रहेको पाईन्छ भने १४ वटा मातृ भाषाभाषीहरू बोलिने गरिएको देखिन्छ ।

कोसीहरैँचा नगरपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा क्षेत्री २१.१८ प्रतिशत, ब्राह्मण २०.६९ प्रतिशत, थारु १०.४५ प्रतिशत, खवास ७.९२ प्रतिशत, नेवार ५.८८ प्रतिशत, राई ५.२२ प्रतिशत, लिम्बू ३.२० प्रतिशत रहेको छ भने अन्य जातीको तुलनामा मगर जाति १.६५ प्रतिशत र दमाई/ढोली १.६७ प्रतिशत रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### ३.१०.१ आदिवासी

यस नगरको कुल जनसंख्या ४७७८२ मध्ये १०.४५ प्रतिशत (४९९१ जना) जनसंख्या आदिवासी थारु जातिको रहेको छ। मुख्यत: कृषि पेशामा संलग्न यो समुदायमा साक्षरता प्रतिशत ज्यादै न्युन रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ थारुहरुको आफ्नो मौलिक संस्कृतिलाई भने यस समुदायले अद्यावधि बचाई राखेको पाइन्छ। यी समुदायद्वारा कोसीहरैँचा नगरपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। समग्रमा भन्नुपर्दा कोसीहरैँचा नगरपालिकामा भिषण मलेरियादेखि हिंस्रक जनावरहरूसँग झण्डै आधा शतकदेखि कुस्ती खेल्दै कोसीहरैँचाको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत तुलनात्मक रुपमा पिछडिएको अवस्थामा रहेको छ। कोसीहरैँचा नगरपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ। यस समुदायमाथि विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

### ३.१०.२ उत्पीडित समुदाय

जात जातिको हिसावले कोसीहरैँचा नगरपालिकाको ठुलो समुदायको रुपमा रहेको उत्पीडितहरूले ४.१६ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., निमावि, र मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रुपमा परिभाषित गरिएको झण्डै ४ दशक हुन लाग्दा कोसीहरैँचामा उत्पीडित र उपेक्षित समुदायले यद्यपि निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल सता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। कोसीहरैँचाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।


## ३.११ धर्मअनुसार जनसङ्ख्याको विवरण

धार्मिक दृष्टिकोणले हेर्दा यस नगरमा अधिकांश हिन्दु धर्मालम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्या (४७७,८२ जना) को लगभग ८२.७३ प्रतिशत हिन्दु, ५.६७ प्रतिशत किराँत, ४.०२ प्रतिशत बुद्ध धर्मालम्बीहरू र बाँकी प्रकृतिपुजक, ईस्लाम, क्रिस्चियन लगायतका धर्म मान्ने समुदायका मानिसहरूको बसोबास रहेको पाईन्छ।

यस नगरमा पूर्वाञ्चल विकास क्षेत्रका पहाडी जिल्लाहरूबाट बसाइसराई गरी आएका वैदिक आर्यहरू र यहाँका आदिवासी/जनजाति थारु समुदायका मानिसहरूको बाहुल्यता रहेको देखिन्छ। यस नगरका प्राय जसो समुदायका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ। यद्यपि थारु समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ। पहाडी समुदायहरूबाट वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म

शास्त्र आदिलाई रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ । यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो ।

**धर्मअनुसार जनसंख्याको विवरण**




नगरमा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन् । जस्तै, हिन्दूधर्मावलम्बिहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे स्रग्रान्ती, मागी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध जितीया, सिरुवा (विशेषगरी थारु-खवास), कूल-थानी पूजा, ग्रामथान पूजा, उँधौली, उभौंली पूजा आदि चाडपर्वहरु मानउँने गर्दछन् । किराँतीहरुले उँभौली, उँधौली, चण्डिपूर्णीमा, चैते-दशैं, साउने-माघे स्रग्रान्ति, तिहार इत्यादि मनाउँछन् भने बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरुले ईद, वकरईद, इदुलफितर, सोभेरात आदि र क्रिश्चियनहरुले क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन् । यस नगरमा बसोबास गर्ने मानिससहरुको भेषभूषाको बारेमा चर्चा गर्दा खवास, चौधरी जातका महिलाहरुको पहिरन खड्गी र आँचरा हो भने अन्य महिलाको साडी, चोलो तथा पुरुषको धोती, कुर्ता, कमेज भएको पाइन्छ । पहाडे मुलका क्षेत्री, बाहुन, राई, लिम्बु, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् । तर अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरु क्रमशी पैन्छ, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् । यहाँ धेरै जसो महिना गर्मी हुने हुँदा राष्ट्रिय पोशाक दौरा-सुरुवाल, साडी-चौवन्दी चोलो लगाउने मानिस यदाकदा मात्र देखिनु स्वभाविक हो । थारु समुदायका मानिसहरूले विहान-बेलुकी दुवै पटक भात नै मुख्य खानाको रुपमा खाने चलन छ भने घर छाउनी, माघि, होली र हरढावालाई मुख्य चाडपर्वको रुपमा मनाउने चलन छ । चाडपर्वमा माछा, मासुसँग जाँड, रक्सी पिउने र विभिन्न प्रकारका नाचगान गर्ने गरिन्छ । चामलको पिठोबाट बनाईने ढीकी यो समुदायको खानाको विशेष परिकार हो ।

तालिका नं. ११ : धर्मअनुसार जनसंख्याको विवरण

| जनगण्ना वर्ष | हिन्दु | बौद्ध | इस्लाम | किराँत | जैन | क्रिश्चियन | शिख | बहाई | बोन | प्रकृति | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०११ | ३९५३२ | १९२३ | ११८४ | २७१० | ७ | ५४५ | ० | ४३ | १ | १७३७ | १०० | ४७७८२ |
| प्रतिशत | ८२.७३ | ४.०२ | २.४८ | ५.६७ | ०.०१ | १.१४ | ०.०० | ०.०९ | ०.०० | ३.६४ | ०.२१ | १००.०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

## ३.१२ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण


तालिका नं. १२ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| निजी | भाडा | संस्थागत | अन्य | जम्मा घरधुरी संख्या |
|---|---|---|---|---|
| ८९२२ | ११९६ | २१ | २२० | १०३५९ |
| ८६.१ | ११.५ | ०.२ | २.१ | १००.० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

यस तालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा आफ्नो स्वामित्वमा रहेको घर संख्या ८९९२ अर्थात ८६.१ प्रतिशत, भाडामा बस्ने परिवारको संख्या ११९६ अर्थात ११.५ प्रतिशत, संस्थागत घरधुरी २१ अर्थात ०.२ प्रतिशत र अन्य घरधुरीको संख्या २२० अर्थात् २.१ प्रतिशत रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण





## ३.१३ वडागत महिलाका नाममा भएको घरजग्गाको स्वामित्वको विवरण

तालिका नं. १३ : वडागत महिलाको नाममा भएको जग्गाको स्वामित्वको आधारमा घरपरिवारको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा घरपरिवार |
|---|---|---|---|---|
| १ | ६४६ | ८७४ | ० | १५२० |
| २ | १५३ | ३२३ | ६ | ४८२ |
| ३ | ५८३ | ७१३ | ४ | १३०० |
| ४ | ५७३ | ७२० | ६ | १२९९ |
| ५ | २०० | २४७ | ० | ४४७ |
| ६ | २१७ | ३३५ | ० | ५५२ |
| ७ | २५१ | ३२१ | ८ | ५८० |
| ८ | ९४ | ५३० | २ | ६२६ |
| ९ | २३७ | ४४९ | ० | ६८६ |
| १० | ६१ | २६२ | ० | ३२३ |
| ११ | ८९ | ४५० | ० | ५३९ |
| १२ | १६८ | ३५५ | ० | ५२३ |
| १३ | २०२ | २९४ | ८ | ५०४ |
| १४ | १५४ | ४४१ | ० | ५९५ |
| १५ | १५२ | २३१ | ० | ३८३ |
| जम्मा घरपरिवार | ३७८० | ६५४५ | ३४ | १०३५९ |
| प्रतिशत | ३६.४९ | ६३.१८ | ०.३३ | १००.०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

यस तालिकामा महिलाको नाममा भएको जग्गाको स्वामित्वको आधारमा घरपरिवारको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घर संख्या ३७८० अर्थात ३६.४९ प्रतिशत र जग्गामा महिलाको स्वामित्व नभएको घरपरिवारको संख्या ६५४५ अर्थात ६३.१८ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





तालिका नं. १४ : महिलाका नाममा भएको घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा घरपरिवार |
|---|---|---|---|---|
| १ | ४९६ | १०२४ | ० | १५२० |
| २ | ८० | ३९६ | ६ | ४८२ |
| ३ | ४४८ | ८४८ | ४ | १३०० |
| ४ | ३८३ | ९१० | ६ | १२९९ |
| ५ | १२६ | ३२१ | ० | ४४७ |
| ६ | ११५ | ४३७ | ० | ५५२ |
| ७ | ९१ | ४८१ | ८ | ५८० |
| ८ | ९४ | ५३० | २ | ६२६ |
| ९ | २०८ | ४७५ | ३ | ६८६ |
| १० | ३१ | २९२ | ० | ३२३ |
| ११ | १५७ | ३८२ | ० | ५३९ |
| १२ | ११८ | ४०५ | ० | ५२३ |
| १३ | ९९ | ३९७ | ८ | ५०४ |
| १४ | ११२ | ४८१ | २ | ५९५ |
| १५ | ६५ | ३१८ | ० | ३८३ |
| जम्मा घरपरिवार | २६२३ | ७६९७ | ३९ | १०३५९ |
| प्रतिशत | २५.३२ | ७४.३० | ०.३८ | १००.०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

यस तालिकामा महिलाको नाममा भएको जग्गाको स्वामित्वको आधारमा घरपरिवारको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घर संख्या २६२३ अर्थात २५.३२ प्रतिशत र घरमा महिलाको स्वामित्व नभएको घरपरिवारको संख्या ७६९७ अर्थात ७४.३० प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ३.१४ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. १५ : जगको आधारमा घरको बनोटको विवरण

| जम्मा | माटोको जोडाइ भएको इँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको इँटा/ढुंगा | ढलान पिल्लरसहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको |
|---|---|---|---|---|---|---|
| १०३५९ | २७६ | २४२४ | २४३१ | ४५८१ | ५६७ | ८० |
| १००.०० | २.६६ | २३.४० | २३.४७ | ४४.२२ | ५.४७ | ०.७७ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

नगरमा परिवारले प्रयोग गरेको काठको खम्बा गाडेको जग भएको घरधुरी संख्या ४५८१ (४४.२२ प्रतिशत), ढलान पिल्लरसहितको जगको भएको घरधुरी संख्या २४३१ (२३.४७ प्रतिशत), सिमेन्टको जोडाइ भएको इँटा/ढुंगाको जग भएको घरधुरी संख्या २४२४ (२३.४० प्रतिशत) र माटोको जोडाइ भएको इँटा तथा ढुंगाको जग भएको घरधुरी संख्या २७६ (२.६६ प्रतित) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१५ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

तालिका नं. १६ : बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

| जम्मा | माटोको जोडाइ भएको इँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको इँटा/ढुंगा | काठ/फल्याक | बाँसजन्य सामग्री | काँचो इँटा | अन्य | उल्लेख नगरिएको |
|---|---|---|---|---|---|---|---|
| १०३५९ | २१६ | ३७५५ | १२८७ | ४९४५ | ७ | ७० | ७९ |
| १००.०० | २.०९ | ३६.२५ | १२.४२ | ४७.७४ | ०.०७ | ०.६८ | ०.७६ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११





माथिको तालिकामा नगरमा परिवारले प्रयोग गरेको बाहिरी गारोको आधारमा घरको बनोटको विवरण देखाइएको छ । जसको अध्ययन गर्दा परिवारमा बाँसजन्य सामग्री भएको घरको बाहिरी गारोको प्रयोग सबैभन्दा बढी पाईयो । जुन प्रयोग गर्ने घरधुरी संख्या ४९४५ (४७.७५ प्रतिशत) रहेको छ भने दोस्रोमा सिमेन्टको जोडाई भएको इँटा तथा ढुंगाको बाहिरी गारोको प्रयोग गर्ने घरधुरी संख्या ३७५५ (३६.२५ प्रतिशत) देखिन्छ । यसैगरी काठ तथा फल्याकबाट बनेको बाहिरी गारोको प्रयोग गर्ने घरधुरी संख्या १२८७ (१२.४२ प्रतिशत) रहेको देखिनुका साथै माटोको जोडाइ भएको इँटा तथा ढुंगाबाट बनेको बाहिरी गारोको प्रयोग गर्ने घरधुरी संखइँ २१६ (२.०९ प्रतिशत) र न्यून संख्यामा काँचो इँटाको बाहिरी गारो प्रयोग गर्ने गरेको देखियो । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ३.१६ छानाको आधारमा घरको बनोटको विवरण

तालिका नं. १७ : छानाको आधारमा घरको बनोटको विवरण

| जम्मा | खर/पराल/छवाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिँगटी/ढुङ्गा | सिमेन्ट/ढलान | काठ/फल्याक | अन्य | उल्लेख नगरिएको |
|---|---|---|---|---|---|---|---|
| १०३५९ | १५६२ | ६११८ | ६५ | २४८९ | १२ | १५ | ९८ |
| १००.०० | १५.०८ | ५९.०६ | ०.६३ | २४.०३ | ०.१२ | ०.१४ | ०.९५ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११




माथिको तालिका अनुसार जस्ता, टिन तथा च्यादरको छाना भएको सबैभन्दा बढी घरधुरी संख्या ६११८ (५९.०६ प्रतिशत) देखियो भने दोस्रोमा सिमेन्ट तथा ढलानको छाना भएको घरधुरी संख्या २४८९ (२४.०३ प्रतिशत) र तेस्रोमा खर, पराल तथा छ्वालीको छाना भएको घरधुरी संख्या १५६२ (१५.०८ प्रतिशत) पाईयो। यसैगरी टायल, ढुंगा तथा खपडाको छाना भएको घरधुरी संख्या जम्मा ६५ र काठ तथा फल्याकको छाना भएको घरधुरी संख्या जम्मा १२ रहेको छ। नगरमा परिवारले प्रयोग गरेको घरको छानाको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ३.१७ बसाई सराईको अवस्था

तराईका जिल्लाहरुमा बसाई सराईको इतिहास वि.सं. २०१९ साल देखि प्रारम्भ भएको मान्न सकिन्छ। नगरमा धनकुटा, भोजपुर, झापा, संखुवासभा, तेह्रथुम, सुनसरी, खोटाङ, ताप्लेजुङ, पाँचथर, ओखलढुंगा, उदयपु, इलाम, सप्तरी, मकवानपुर, सोलुखुम्बु, धनुषा, सर्लाही, रामेछाप, ललितपुर आदि विभिन्न जिल्लाहरुबाट धेरै संख्यामा परिवारहरु बसाई सरी आएको पाइन्छ। यसरी बसाई सरी आउनुका विभिन्न कारणहरु छन्। तिमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन्। यस नगरको मलिलो माटो र तराईको सुगम नगर भएकोले खेति, व्यापार, शिक्षा र स्वास्थ्य जस्ता सुविधाहरू पहाडको तुलनामा सुलभ र सस्तो हुनाले समेत विशेषत: छिमेकी पहाडी जिल्लाका साथै बाहिरी जिल्लाहरूबाट समेत बसाइसराई तिब्र भएको पाइएको छ। नगरको जनसंख्या बृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ।

त्यस्तै प्रवासी नेपालीहरूको लगानीको प्रमुख र आकर्षक क्षेत्र नगरमा कृषि जग्गा जमिन खरिद गरी स्थायी रुपमा नगरमै बसोबस गर्न थालेको पाइन्छ। बेरोजगारीको समस्या नगरको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत नगरबाट बढ्न थालेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा नगरको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिएको छ।

## ३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

तालिका नं. १८ : व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

| वडा | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | सम्बन्ध विच्छेद दर्ता | बसाई-सराई दर्ता | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | म. | पु. | जम्मा | म. | पु. | | | दर्ता संख्या | आएको सदस्य | गएको सदस्य | बसाईसराईको संख्या | |
| १ | २५० | १११ | १३९ | ५८ | २४ | ३२ | ११० | २ | २५२ | ७७१ | ५१ | ८२२ | ६७० |
| २ | ८७ | ३८ | ४९ | ९ | ५ | ४ | ३९ | ० | ३३ | ११९ | ९ | १२८ | १६८ |
| ३ | १२९ | ५७ | ७२ | ३७ | १५ | २२ | ५८ | २ | ९७ | ३२५ | ३६ | ३६१ | ३२३ |
| ४ | १५६ | ७६ | ८० | २४ | ११ | १३ | ६१ | ० | ७३ | २२७ | ३९ | २६६ | ३१४ |
| ५ | ५५ | २९ | २६ | १२ | ६ | ६ | ४० | ० | ३० | १११ | १० | १२१ | १३७ |
| ६ | ८२ | ३४ | ४८ | १८ | ९ | ९ | ४८ | ० | २८ | ८२ | १३ | ९५ | १७६ |
| ७ | ५९ | २८ | ३१ | १२ | ६ | ७ | ३३ | १ | १७ | ५७ | १७ | ७४ | १२३ |
| ८ | ५७ | ३६ | २१ | ८ | २ | ६ | २१ | ० | १८ | ३९ | ३२ | ७१ | १०४ |
| ९ | ४९ | २६ | २३ | ६ | ४ | २ | २९ | ० | ३५ | १०९ | २५ | १३४ | ११९ |
| १० | ३२ | ९ | २३ | २ | १ | १ | १४ | ० | ७ | ५ | १६ | २१ | ५५ |
| ११ | ३४ | १९ | १५ | ११ | ६ | ५ | १७ | ० | १७ | ३१ | ४४ | ७५ | ७९ |
| १२ | ५१ | २७ | २४ | ९ | ५ | ४ | २५ | ० | १८ | ६७ | ५ | ७२ | १०३ |
| १३ | १०३ | ४९ | ५४ | १५ | ४ | ११ | १४ | ० | १६ | ३८ | १७ | ५५ | १४८ |
| १४ | ११५ | ५२ | ६३ | ९ | ३ | ६ | ३३ | ० | ८ | २७ | १ | २८ | १६५ |
| १५ | ९२ | ४२ | ५० | २ | ० | २ | १८ | ० | २४ | ५८ | २६ | ८४ | १३६ |
| अन्य | ४ | ३ | १ | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ७ |

श्रोत : कोसीहरैँचा नगरपालिका, २०७२

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी मान्यताहरु पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानुनी मान्यता पालना गर्नु पर्ने हुन्छ। यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्य पाउनु पर्छ। यसको आधारमा सरकाले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ।

नगरमा व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। नगरमा सबैभन्दा बढी जन्मदर्ता हुने वडाहरूमा १ मा २५०, वडा नं.४ मा १५६ र वडा नं. ३ मा १२९ रहेका छन् भने सबैभन्दा कम जन्मदर्ता हुने वडाहरूमा वडा नं १० मा ३२ जना, वडा नं ११ मा ३४ र वडा नं. ९ मा ४९ जना रहेका छन्। विवाह दर्ताको स्थिति हेर्दा सबैभन्दा बढी वडा नं. १ मा ११० तथा सबैभन्दा कम वडा नं. १३ मा १४ रहेको छ। सो अवधीमा नगरमा जम्मा ५ वटा सम्बन्ध विच्छेदको घटना दर्ता भएको देखिन्छ। यस अवधिमा जम्मा ६७३ बसाई सराई दर्ता भएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

# खण्ड ४ : भू-उपयोग


## ४.१ नगरको भू–उपयोगको अवस्थाको विवरण

नगरको २० प्रतिशत भु-भाग वनजंगलले ढाकेको क्षेत्र, ६९ प्रतिशत भू-भाग खेतीयोग्य जमिनको क्षेत्र, ११ प्रतिशत निर्माण क्षेत्रभित्र पर्दछन्। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरमा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित कोसीहरैँचा नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ।

तालिका नं. १९ : जिल्लाको भू-उपयोगको अवस्थाको विवरण

| क्र. सं. | विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | वनजंगल | १२.८६ | २० |
| २ | खेतीयोग्य जमिन | ४४.३६ | ६९ |
| ३ | निर्माण क्षेत्रत्र | ७.०७ | ११ |
| | नगर कूल क्षेत्रफल जम्मा | ६४.२९ | १०० |

स्रोत: जिल्ला वन कार्यालय, आ.ब. २०६९/७०




## ४.२ शहरीकरणको स्वरुप

नगरमा सडक, विद्युत, संचार जस्ता सुविधाहरू रहेका वडाहरुमा शहरीकरण प्रक्रियाले तिव्र रुप लिएको देखिन्छ। नगरमा कतिपय वडाहरूमा शहरीकरणको विशेषता रहेका पाइन्छन् भने कतिपय वडा र वस्तीहरूमा शहरीकरण भइरहेको शहरोन्मुख अवस्थामा रहेको पाइन्छ। नगरका वडा नं. १ विराट चोक खोर्सानी बजार, वडा नं. ३, ४, विराट चोक, वडा नं. १९ सलकपुर मृगौलिया, वडा नं. १२ सलकपुर सादिम, वडा नं. १३ हरैचा बजार, वडा नं. १४ पचाम बजार र वडा नं. ५ बेलपुर चोक मुख्य शहरी क्षेत्र हुन्। यसका अतिरिक्त वडा नं. ६ शुक्रबारे, गोबिन्दपुर, बेलेपुर र बाँकी ७, ८, १०, ११ र १५ वडाहरु शहरोन्मुख अवस्थामा रहेको देखिन्छन्। नगरका अधिकांश भू-भागबाट अन्य न.पा.हरूमा बसाइसराइको क्रम तिव्ररुपमा बढिरहेको हुँदा ती स्थानमा व्यवस्थित नगर योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ।

## ४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप

कोसीहरैंचा नगरपालिकाको जलवायुको आधारमा बसोबासको लागि तराईका अन्य नगरहरुमध्ये उपयुक्त मानिएको छ । ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल समेत विकास भइसकेको, सिंचाई परियोजनाको नहर निर्माणबाट नहर प्रणालीसँगै सडक प्रणालीको समेत समानान्तर विकास भएको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत अन्य नगरहरूको दाँजोमा सुलभ रहेको सन्दर्भमा नगरका शहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास तिब्ररुपमा भइरहेको छ । हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको सुगम यातायात सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुर्‍याइरहेको पाइन्छ । यसका साथै विभिन्न नगरहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ । यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भएरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ । साथै, वातावरणीय स्वच्छता कायम राख्न ढल निकास प्रणालीको विकास र सेवा सुविधालाई व्यवस्थितरुपले प्रदान गर्न वस्तीस्तरमा रहेका घरहरूको व्यवस्थित घर नम्बर प्रणाली तुरुन्त अपनाइनु आवश्यक देखिन्छ ।

नगरको कुल १०३५९ परिवारहरू मध्ये, घरको जग सिमेन्टको जोडाइ भएको इट्टा, ढुङ्गा र पक्की पिलर भएका घरधुरी २३.४० प्रतिशत, बाहिरि गाह्रो सिमेन्टको जोडाइ भएका घरधुरी ३८.२२ प्रतिशत र सिमेन्ट ढलान छाना भएका घरधुरी २७.४२ प्रतिशत छन् । तराईका धेरै नगरहरूको स्थिति भन्दा आवास घर निर्माणमा कोसीहरैंचाको स्थिति राम्रो रहेको छ । नगरमा कुल ११९६ परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ८९२२ परिवारको आफ्नै घर रहेको छ । नगरभित्र २१ घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन् । शहरोन्मुख बस्ती विकासको सन्दर्भमा आवधिक योजना निर्माणको क्रममा नै सम्बन्धित गाविस र नगरपालिकहरूका साथै सम्बन्धित विषयगत कार्यलयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका नगर विकास समिति एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक छ ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीव्र गतिमा विकास भएरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हनु सकेको छैन । बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन । यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ ।

- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।
- नगरको बैज्ञानिक बसोबास योजनाको आधार तयार गरी व्यवस्थित विकासमा जोड दिनु आवश्यक देखिन्छ। बस्तीहरूको विकासको लागि गुरुयोजना बनाई आवासिय क्षेत्र, व्यवसायिक क्षेत्रहरू, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेलमैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र निर्धारण गर्न जरुरी देखिएको छ।

## ४.५ भू–क्षय सम्भावित क्षेत्र

नगरका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। जसमध्ये लोहन्द्रा खोलाबाट वडा नं. ६ र १५ तथा सुकुना खोलाले सुकुम्बासी क्षेत्र रहेको वडा नं. १ र ४ मा डुबान तथा भूक्षय गराउने गर्दछन्। मानिसको अत्याधिक बसाई सराईका कारणबाट नगर क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। मूलत: नगरका २ वटा प्रमुख खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले अत्याधिक प्रतिकुल प्रभाव पारेको छ। यसक्रमलाई रोक्नको लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ४.६ नगरमा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २० : नगरमा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र स | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरमा भुकम्प प्रतिरोधात्मक भवन नभएको, भवन आचार संहिता लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | नगरमा विशेषत: साना ठुला गरि करिब आधा दर्जन नदि/खोला बग्ने गरेको र जस मध्येमा लोहन्द्रा खोलाले वडा नं. ६ र १५ तथा सुकुना खोलाले वडा नं. १ र ४ का भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुरयाईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |

| | | | |
|---|---|---|---|
| ३ | आगलागी | नगरको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, मुक्त कमैया, वाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पशंचात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | शितलहर | चिसोको मात्रा बढ्दै गएको विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |
| ७ | जंगली जनावर आतंक | नगरको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

नगरपालिका क्षेत्रमा दैवी प्रकोपको कारणले मानवीय क्षती भएको अवस्था छैन भने मिति २०७२ वैशाख १२ गते गएको विनासकारी भुकम्पमा परी आंशिक क्षती भएको भनि निवेदन परेका घरहरुको संख्या ३७० रहेको छ भने संयुक्त वडा कार्यालय हरैचाको भवन आंशिक रुपमा क्षतिग्रस्त भएको छ। वडा नं. ८ को हुलाकी सडकमा पर्ने करेवाना नजिकको पुल भुकम्पका कारण क्षतिग्रस्त हुँदा स्थानीय युवा सरोकारवालाहरुको सक्रिय सहभागितामा जिविस र नगरपालिकाको आर्थिक एवम् प्राविधिक साझेदारीमा तत्काल पुन: निर्माण गर्ने काम सम्पन्न भएको।

## ४.७ नदी तथा खोलाबाट प्रभावित क्षेत्र

तालिका नं. २१ : नदी/खोला बाट प्रभावित क्षेत्र

| क्र. सं. | नदी/खोला | प्रभावित वडा | वस्ती | असर क्षेत्र |
|---|---|---|---|---|
| १ | लोहन्द्रा खोला | ६ र १५ | | |
| २ | सुकुना खोला | १ र ४ | सुकुम्बासी क्षेत्रमा डुबान | |

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ नगरअर्थतन्त्रको संरचनात्मक स्वरुप

नगरको अर्थतन्त्र मुख्यतया: कृषि, वन, मत्स्यपालन, उद्योग, ग्यास, पानी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ । नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन् । यस नगरको मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ । यद्यपि यो त्यति सकारात्मक भने होइन । यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ । यस नगरपालिकामा साना-ठूला गरी १०७७ भन्दा बढी पसल तथा व्यापारिक प्रतिष्ठानहरु रहेका छन् । मील, फर्निचर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । यस नगरका मानिसहरु उल्लेखनियरुपमा औद्योगिक विकास तर्फ लागिरहेका देखिन्छ ।


## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २२ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | आर्थिकरुपले सक्रिय जनसंख्या | | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| | पूरुष | महिला | |
| ४७७८२ | १५७३० | १९०१७ | ३४७४७ |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

नगरमा १० वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ । जसमा पुरुषको संख्या ४५.२७ प्रतिशत, महिलाको संख्या ५४.७३ प्रतिशत देखिन्छ । आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता खासै देखिदैन । भने नगरको कुल जनसंख्याको ७२.७२ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन् । आर्थिक रुपमा निस्कृय जनसंख्या २७.२८ प्रतिशत छन् । जसको विस्तृत विवरण तालिकामा देखाइएको छ ।




## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं. २३ : आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | १४४३० | ७७.१३% | ४२७९ | २२.८७% | १८७०९ | ३९.१५% |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

जिल्लामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र अनुपातलाई देखाइएको छ ।

## ५.४ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्थरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादन उपलब्ध नहुँदा पर्यटकले उपयोग गर्ने सेवा र वस्तुको उपभोगबाट प्राप्त हुने लाभ अपेक्षित मात्रामा प्राप्त गर्न कृषि पर्यटनको विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ । यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनुपनि हो । कृषि क्षेत्रमा आधुनिकीकरण नहुन, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ ।

नगरको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यत कृषि प्रणालीमा हिउँदे तथा वर्षे धान, गहुँ, मकै, आलु, तरकारी, फलफूल, केरा, दलहन, तेलहन आदि नगरका प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । कोसीहरैँचा नगरपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ ।

### ५.४.१. कृषी बालीमा लाग्ने रोग

नगरको कृषि उत्पादनमा धान, गहुँ, मकै, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटब्लाइट, मोजाइक, अैलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी एनथ्राक्नोज, सेतो ढुसी, डाइव्याक, जरा कुहिन, अैलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्या परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं. २४ : विभिन्न बालीम लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहि, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने अैसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवाराहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग |

कृषि क्षेत्रको विकास र विस्तारको लागि सरकारले स्थापना गरेको कृषि सेवा तथा उपकेन्द्र मार्फत कृषकहरुलाई सहयोग गर्दै आएको भएता पपिन यसको व्यवस्थापन र प्रयार्प्त जनशक्तिको अभावमा कृषकहरुको आवश्यकता र मागलाई पुरा गर्न सकेको छैन । यस नगरको  वडामा रहेको कृषि सेवा उपकेन्द्रले सेवा दिनु पर्ने भएकोले कृषकहरुले आवश्यकता अनुरुप गुणस्तरीय सेवा सुविधा पाउन नसकिरहेको अवस्था छ ।

### ५.४.२ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ । नगर निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरु विभिन्न खालका अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । हालसम्म बजारीकरण ढाँचामा आठ प्रकारका कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देन्छि । यी आठ प्रकारका कृषि उपज बजारीकरणका ढाँचाहरुले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका भने पक्कै छन् । यीमध्ये केही बजारीकरणका मोडलहरुबाट यस नगरमा कृषिको बजारीकरण हुने गरेको छ । यसबाहेक नगरमा विभिन्न दिनहरुम लाग्ने हाट बजारहरु मार्फत पनि कृषिको बजारीकरण हुने गर्दछ ।

१. डुलुवा कृषि बजारीकरण
२. फुटपाथ कृषि बजारीकरण
३. स्थायी खुद्रा कृषि उपज बिक्री स्थल
४. स्थायी थोक कृषि उपज बजार
५. फुटपाथ जीउदो पशु, पंक्षी र माछा बिक्री स्थल
६. स्थायी जिउँदो पशु, पंक्षी र माछा बिक्री स्थल
७. पशुपंक्षीजन्य उत्पादनको बजारीकरण (दुध, मासु, अण्डा)
८. बजारस्थलमा कृषि वस्तु बजारीकरण (सुपर स्टोर्स देखि मिनि मार्केटसम्म)

### ५.४.३ जग्गाको उर्वराशक्ति

नगरको ठूलो क्षेत्रफल समथर भूभागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ । विगतमा कोसीहरैंचामा रहेका उर्वरा क्षेत्र हाल शहरीकरणको प्रभावसंगै उर्वरभूमि सागुरिदै गएको देखिन्छ । नगरको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको तथा भिराला पाखाहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।

### ५.४.४ पशुपालन

नगरमा विशेषगरी गाई, भैसि, बाख्रा, सुँगुर, कुखुरा, हाँस, परेवा नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा र माछा फर्महरु रहेका छन । त्यस्तै गरि भेटेनरी सेवा पनि नगरमा उपलब्ध रहेको छ । नगरमा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ ।

### ५.४.५ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस नगरपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फेलिएको पाइँदैन । तथापी यहाँका पशुहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

### ५.४.६ पशु रोगहरूको बिबरण

नगरमा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। नगरको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोपपनि यस नगरमा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास गरेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेको छन। नगरमा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत नगरका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। नगरमा पशु व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न वडाहरुलाई समेट्ने गरी पशुसेवा उपकेन्द्र संचालनमा रहेका छन्।

## ५.५ सिंचाइ

नगर सतह एवं भुमीगत जल सिंचाईको स्रोत पर्याप्त मात्रमा रहेको छ। कृषिको लागि उर्वर माटो भएको र नगरमा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुर्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

**भूमिगत सिचाई :** नगरमा भुमीगत रुपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनीको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

तालिका नं. २५ : कोसीहरैंचा नगरपालिका भित्र भएका सिंचाई आयोजनाहरुको विवरण

| सि.नं. | सिंचाई आयोजना | वडा नं. |
|---|---|---|
| १ | बाघझोडा सिमसार क्षेत्र | १, ४, ६, १३, १४ Highway खोर्सानी चोकबाट १.५ कि.मी उत्तरतर्फ |
| २ | किस्ती खोला | १, ४, ६ |
| ३ | लोहन्द्रा खोला (सिँचाई) | ६, १३, १४, १५ (राजमार्गदेखि दक्षिण) |
| ४ | कालीखोला (सिमसार) | ३, ४, ५ र ६ |
| ५ | भुल्के जलाधार क्षेत्र | ७, १०, १२, १४ (मृगौलिया क्षेत्र) |
| ६ | मदाहा खोला | मृगौलिया र बाँकी रहेका ९ र ६ बाहेक सबै वडाहरु |
| ७ | झरना खोला | ५ तथा ३ को केही भाथ |
| ८ | सुकुना खोला | ४ र सोदेखि दक्षिण तर्फको वडा नं. ६ |

स्रोतः

## ५.६ व्यापार तथा उद्योगको विवरण

यस नगरपालिका रहेको मोरङ्ग जिल्ला पूर्वाञ्चलको प्रमुख व्यापरिक केन्द्रको रुपमा रहेको छ। यसै नगरपालिका मार्फत् विभिन्न पहाडी जिल्लाहरूसँगको व्यापार समेत हुने गरेको छ। यहाँ विभिन्न हाट बजारहरु व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन्। यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यपार हुने गरेको छ। यसैगरी, कोसीहरैंचा नगरपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिकाबाट हुने गरेको पाइन्छ।

कोसीहरैँचा नगरपालिकाका अधिकांश बासिन्दाहरु कृषि पेशामा आवद्ध भएका छन् । विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरु उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन् । तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन् । कुटानी पिसानी मिल, फर्निचर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु प्रकृतिका औद्योगिक व्यवसायका उदाहरणहरु हुन् । यस कोसीहरैँचा नगरपालिका क्षेत्रभित्र साना-ठूला गरी जम्मा ११५२ भन्दा बढी पसलहरु रहेका छन् । त्यसैगरी साप्ताहिक रुपमा लाग्ने कोसीहरैँचाका विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ ।

## ५.६.१ व्यवसायको विवरण

तालिका नं. २६ : व्यावसायिक विवरण

| क्र.सं. | व्यवसायको नाम | संख्या |
|---|---|---|
| १ | कपडा पसल तथा फन्सी स्टोर | १४८ |
| २ | सुनचाँदी | ५७ |
| ३ | हार्डवयेर | १७ |
| ४ | सप्लायर्स | १८ |
| ५ | किराना | २०५ |
| ६ | साईकल स्टोर | १५ |
| ७ | होटल | १११ |
| ८ | ट्रेडर्स | ८७ |
| ९ | घरजग्गा खरिदबिक्री | ३ |
| १० | कृषि | १९ |
| ११ | स्टेशनरी | २२ |
| १२ | उद्योग | ७० |
| १३ | मनिट्रान्सफर | ९ |
| १४ | इलेक्ट्रोनिक | ५२ |
| १५ | टेन्ट हाउस | ६ |
| १६ | ग्लास हाउस | ५ |
| १७ | पान पसल | १० |
| १८ | फर्निचर | २६ |
| १९ | इन्टरप्राईजेज | ७ |
| ३४ | वर्कसप/अटो पार्टस | १६ |

| क्र.सं. | व्यवसायको नाम | संख्या |
|---|---|---|
| २० | मासु पसल | ३० |
| २१ | हस्पीटल | १३ |
| २२ | भाडा पसल | १४ |
| २३ | टेलर्स | १५ |
| २४ | हेयर कटिङ्ग | ७ |
| २५ | साउण्ड सर्भिस | १ |
| २६ | पर्यटन | १ |
| २७ | फलफूल पसल | ५ |
| २८ | कुरियर | १ |
| २९ | तरकारी पसल | ३ |
| ३० | थोक विक्रेता | ४० |
| ३१ | पेट्रोल पम्प | १ |
| ३२ | ट्रेनिङ सेन्टर | ५ |
| ३३ | ग्यारेज | ३ |
| ३५ | कृषि/बिउविजन | ४६ |
| ३६ | डिपार्टमेन्ट स्टोर | ५ |
| ३७ | नास्ता पसल | २६ |
| ३८ | फिटनेस | २ |
| ३९ | अन्य | ३१ |
| | जम्मा | ११५२ |

## ५.६.२ बजार सम्बन्धी विवरण

तालिका नं. २७ : बजार सम्बन्धी विवरण

| क्र.सं. | हाटबजारको नाम | हाट बजार लाग्ने दिन | स्थान |
|---|---|---|---|
| १ | साप्ताहिक बजार | आइतबार | विराटचौक |
| २ | साप्ताहिक बजार | मंगलबार | त्रिवेणीचौक |
| ३ | साप्ताहिक बजार | बुधबार | बुधबारे |
| ४ | साप्ताहिक बजार | विहीबार | बिहीबार |
| ५ | साप्ताहिक बजार | शनिबार | बेलेपुर |
| ६ | साप्ताहिक बजार | शनिबार | सलकपुर |
| ७ | कराहवना बजार | सोमबार, शुक्रबार | कराहवना |
| ८ | मृगौलिया | सोमबार, शुक्रबार | मृगौलिया |

स्रोत:

## ५.७ थोक तथा खुद्रा व्यापार

नगरमा बजार लगायत पूर्वाञ्चल विकास क्षेत्रको प्रमुख व्यापरिक केन्द्रको रुपमा रहेको छ। बिराटचोक, खोर्साने बजार, सलकपुर, हरैचा बजार, बेलेपुर चोक आदि बजारहरूबाट विशेषगरी खुद्रा व्यपार हुने गरेको छ।

थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, माछा, गेडागुडी तथा मसला पूर्वाञ्चाल तथा तराईका अन्य जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरबाट हुने गरेको पाइन्छ।

### ५.७.१ निकासी पैठारी स्थिति

नगरबाट बाहिर निकासी हुने भाउबस्तुहरूमा तयारी खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, चाउचाउ, प्लास्टीक व्याग, पाइप, रेडीमेट कपडा, इन्धन, विस्कुट, साबुन, निर्माण सामाग्री, लत्ता कपडा र दैनिक उपभोग्य बस्तुहरू छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन्।

### ५.७.२ ढुवानी तथा भण्डार व्यवस्था

नगरभित्र उत्पादित मालसामानहरू नगरको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधानको रुपमा, ट्रक, ट्याक्टर, रिक्सा, ठेला आदि रहेको छन्। नगरको पक्की सडक नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरुपमा रहेको छ। नगरको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण गर्नुपर्ने देखिन्छ।

नगरमा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले चाही त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा राख्ने गर्दछन। कृषि सामाग्री संस्थान, खाद्य संस्थान, नेशनल ट्रेडिङ्ग र साल्ट ट्रेडिङ्ग जस्ता संस्थानहरूको आफ्नै गोदाम भएका कारण उक्त संस्थानहरूले जनताका आवश्यकताका बस्तु मलखाद, चिनी, चामल गोदाममा राख्ने गर्छन। नगरका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.७.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरूबाट उत्पादित बस्तुहरू चामल, तोरी, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारीसम्बन्धी उद्योगहरूको अन्य जिल्ला तथा भारतीय बजारको प्रतिस्पर्धा गर्नु परिरहेको छ।

उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट नगरमा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस नगरपालिका लागि परेको छ। नगरमा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र नगरमा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त रहेको देखिन्छ।

### ५.७.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

नगरमा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, माछा, कुखुरा, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ। व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य जिल्लाबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ।

#### क) कृषि जन्य पदार्थ

नगरमा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, माछा, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, गुड आदि उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य नगर तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ।

#### ख) बनजन्य

वन जंगलमा आधरित कच्चा मालमा साल, सिसौ, खयर र बाँस हो। साल, सिसौका काठहरु नगरका साथै अन्य छिमेकी जिल्लाहरुमा निकासी गर्ने गरेको पाइन्छ। बाँसको प्रयोग उद्योगको रुपमा भएको पाइँदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्याधिकरुपमा प्रयोग गरेको पाइन्छ।

### ५.७.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण

- कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसाला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य नगर तथा छिमेकी जिल्लाहरुको बजारको रुपमा सेवा समेत पुर्याइरहेका छन्।
- इटा, टाइल, ह्युमपाइप सम्बन्धि उद्योगहरू नगरको बढ्दो शहरीकरणका कारण स्थानीय बजारको आवश्यकता पूर्ति गर्नका साथै अन्य छिमेकि नगर तथा जिल्लाहरुको बजारमा समेत सेवा पुऱ्याएको देखिन्छ।

## ५.८ खानीको स्रोत र उपयोगको स्थिति

नगरको खानीसम्बन्धी सम्भाव्यता अध्ययन गरेको हालसम्म पाइदैन तापनि चुरे पर्वतमालामा ठुलो मात्रामा चुनढुंगा उपलब्ध हुन सक्ने सम्भावना देखिएको छ। विस्तृत रुपमा वातावरणीय र पर्यावरणी अध्ययन गरेर उक्त क्षेत्रमा चुनढुंगा उत्खनन्सम्बन्धी काम हुन सक्ने सम्भावना देखिन्छ। नगरमा उपलब्ध हुने अन्य कच्चा पदार्थमा रोडा, ढुंगा, बालुवा आदि प्रसस्त मात्रामा पाइन्छ। हाल यसको उपयोग घर निर्माणका साथै सिमेन्ट ब्लक, खम्बा, पोल, ह्युमपाइप बनाउन नगरमा नै प्रयोग भएको पाइन्छ भने केही अंश बालुवा, गिट्टी, तथा ढुंगाहरू अन्य नगरमा समेत निर्यात गरिन्छ।

## ५.९ अन्य आर्थिक विकासका सम्भावनाहरू

नगरमा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार र ताल तलैयामा माछापालन व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस नगरको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। नगरमा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भानाहरू रहेको छ।

नगरमा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा वस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।

नगरको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशु पन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी समग्र नगरको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

यस नगरमा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

नगरका धेरै ठाउँहरूमा प्राकृतिक तालतलैयाहरू भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई नगरकै माछाले बजार लिने सम्भावना रहेको छ ।

नगरका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ ।

नगरमा रहेका मुख्य पर्यटकीय क्षेत्र बाघझोडा सिमसार क्षेत्र, काली खोला सिमसार, भुल्के सिमसार जस्ता प्राकृतिक स्थान तथा विभिन्न जातजातिको मौलिक संस्कृतिका अतिरिक्त धेरै धार्मिक पर्यटकीय स्थलहरू रहेका छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ ।

नगरमा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस नगरका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा नगरको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ ।

## ५.१० नगरको अर्थतन्त्रको विशिष्टिकरण

नगरको अर्थतन्त्रमा वनपैदावर र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ । साथै यो नगर व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ ।

## ५.११ बैंक तथा वित्तीय संस्थाको विवरण

तालिका नं. २८ : बैंक तथा वित्तीय संस्थाको विवरण

| क्र. स. | बैंकको नामावली | वडा | क्र. स. | बैंकको नामावली | वडा |
|---|---|---|---|---|---|
| १ | एन.आई.सी. एसिया बैंक | १ | २ | कृषि विकास बैंक | ४ |
| ३ | माछापुच्छ्रे बैंक | ३ | ४ | मितेरी विकास बैंक | ४ |
| ५ | विराटलक्ष्मी विकास बैंक | १ | ६ | सनराईज बैंक | १ |
| ७ | कन्काई डेभलपमेन्ट बैंक | १ | ८ | ग्रामिण विकास बैंक | ४ |

स्रोत : नगरपालिका कार्यालय, २०७२

नगरमा उद्योग व्यापार अन्य क्षेत्रमा लगानी गर्न वित्तीय संस्थाहरूमा वाणिज्य बैंकहरू मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ । नगरमा संचालनमा रहेका बैंकहरूमा सरकारी बैंक १ वटा शाखा रहेको देखिन्छ भने निजि समेत गरी जम्मा ८ वटा बैंक तथा वित्तिय संस्थाहरु रहेका छन् । जसमा (क) देखि (घ) वर्गसम्मका वित्तिय संस्थाहरु समावेश गरिएको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।


## ५.१२ सहकारी संस्थाको विवरण

तालिका नं. २९ : सहकारी संस्थाको विवरण

| कार्य/प्रकृति | बचत तथा ऋण | सहकारी संघ | बहुउद्देश्यीय | साना किसान | दूग्ध | कृषि, तरकारी, फलफूल तथा अन्य |
|---|---|---|---|---|---|---|
| संस्था संख्या | ७४ | १ | १५ | १ | ६ | २० |

स्रोत: सहकारी विभाग, २०७०


तालिकामा कोसीहरैँचा नगरपालिकामा भएका सहकारी संघ/संस्थाहरुको विवरण देखाइएको छ । जसअनुसार बचत तथा ऋण सहकारी संस्था ७४, बहुउद्देश्यीय १५, सहकारी संघ १, साना किसान १, दूग्ध ६ र कृषि, तरकारी, फलफूल तथा अन्य २० गरी जम्मा ११७ वटा सहकारी संस्था संचालनमा रहेका छन् । त्यस्तै आफ्नै भवन भएका सहकरीी संघसंस्थाको संख्या ११, महिला व्यवस्थापनमा संचालन गरिएका १२, एम्बुलेन्स सेवा सञ्चालन गरेका सहकारी संस्थाहरु ३ वटा रहेका छन् ।



# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ भौतिक पूर्वाधार

नगरभित्र बाह्रै महिना चल्ने कालोपत्र सडकको सन्दर्भमा पूर्वपश्चिम राजमार्ग खण्ड र अन्य पक्की सडक गरी १७ कि.मि. मा कालोपत्रे सडक बनेको छ। नगरभित्रका आन्तरिक सडकहरूमा ११२ कि.मि. ग्राभेल सडक, १८ कि.मि. कच्ची सडक गरी जम्मा १२२ वटा सडकको कुल लम्बाई १४८ कि.मि. रहेको छ।




## ६.२ सञ्चार

सन् १९९० साल सम्म संचार माध्ययमहरु सिमित थिए। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्याधिकमात्रमा बढ्दै गएको छ। कोसीहरैंचा नगरपालिकामा हाल २ वटा एफ.एम स्टेसनहरु र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन्। नगरमा सुसेली एफ.एम. र सारङ्गी एफ.एम. रहेका छन्। कोसीहरैंचामा अनलाईन समाचार र वेबसाइटहरु पनि उपलब्ध छन्। नगरमा 3G Network नेपाल टेलिकम र एनसेल दुवैको उपलब्ध छ। नगरमा WorldLink, Subisu, Lumbini, ADSL, NCell, NTC आदि कम्पनीहरुले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन्। साथै नगरमा विराट केवल मार्फत टेलिभिजन केवल उपलब्ध छ।

### ६.२.१ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरका १५ ओटा वडाहरुमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल, यूटिएल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामिण भेगहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.२.२ हुलाक सेवा

नगरमा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल नगरका विभिन्न वडाहरुमा कार्यरत छन्। अतिरिक्त हुलाक १ (वडा नं. ४ नगरपालिका भवन), इलाका हुलाक हरैचा (वडा नं. १३), अतिरिक्त हुलाक मृगौलिया गरी जम्मा ३ ओटा हुलाकहरूबाट नगरभित्र र नगर बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्।

### ६.२.३ नगरमा संचालनमा रहेका एफ.एम.रेडियो सम्बन्धी विवरण :

तालिका नं. ३० : नगरमा संचालनमा रहेका एफ.एम.रेडियो सम्बन्धी विवरण

| क्र.स. | एफ.एम.रेडियाको नाम | फ्रिक्विन्सी | क्र.स. | एफ.एम.रेडियाको नाम | फ्रिक्विन्सी |
|---|---|---|---|---|---|
| १ | सुसेली एफ.एम. ( वडा नं. १) | १०३ MHZ | २ | सारङ्गी एफ.एम. (वडा नं. ३) | |


स्रोत:

### ६.२.४ पत्रपत्रिकाको विवरण

मोरङ्ग जिल्लाबाट दैनिक पत्रिका ३४ ओटा, साप्ताहिक ९१ ओटा र मासिक २९ ओटा, वार्षिक १, अन्य ३४ गरी हाल १८९ ओटा पत्रपत्रिकाहरू नियमित रुपमा प्रकाशित भई रहेका छन्। देशको केन्द्रबाट प्रकाशन हुने सबैजसो दैनिक अखबारहरू, साप्ताहिकहरू र मासिक पत्रिकाहरू समेत नगरका विभिन्न स्थानहरूमा पाइन्छ।

## ६.३ विद्युत तथा बैकल्पिक उर्जा

### ६.३.१ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण




नगरपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ । राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नजिताअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ । नगरमा बत्तीबाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ८९०६ (८५.९७ प्रतिशत) रहेको छ। त्यस्तै नगरमा बसोबास गर्ने कुल घरधुरीको १२.३४ प्रतिशतले मट्टितेल, ०.४४ प्रतिशतले गोबरग्याँस, सोलार प्रयोग गर्ने ०.३९ प्रतिशत देखिन्छ भने अन्य श्रोतहरु प्रयोग गर्ने ०.३५ प्रतिशत र इन्धनको श्रोत नखुलेको ०.५१ प्रतिशत रहेको देखिन्छ। जसलाई दिइएको पाई चार्टमार्फत देखाइएको छ।

तालिका नं. ३१ : वडागत दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

| वार्ड नं. | बतीको स्रोत | | | | | | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|---|
| | बिजुली | मटीतेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | |
| १ | १४२० | ९२ | ४ | २ | २ | ० | १५२० |
| २ | ४०७ | ५५ | ० | १ | ० | १९ | ४८२ |
| ३ | १२३१ | ६२ | २ | ३ | ० | २ | १३०० |
| ४ | १२११ | ६० | ८ | ८ | २ | १० | १२९९ |
| ५ | ४०८ | ३३ | ५ | ० | १ | ० | ४४७ |
| ६ | ४८८ | ५३ | ५ | १ | २ | ३ | ५५२ |
| ७ | ४७० | ९२ | ० | ९ | ३ | ६ | ५८० |
| ८ | ४०० | २१८ | ४ | ३ | १ | ० | ६२६ |
| ९ | ६२१ | ५८ | २ | १ | ० | ४ | ६८६ |
| १० | २२४ | ९६ | ० | ० | ० | ३ | ३२३ |
| ११ | ३४३ | १८७ | २ | ७ | ० | ० | ५३९ |
| १२ | ४८४ | ३१ | ३ | ३ | १ | १ | ५२३ |
| १३ | ४२६ | ७० | २ | १ | ० | ५ | ५०४ |
| १४ | ४४७ | १४२ | ५ | १ | ० | ० | ५९५ |
| १५ | ३२६ | २९ | ४ | ० | २४ | ० | ३८३ |
| जम्मा घरधुरी | ८९०६ | १२७८ | ४६ | ४० | ३६ | ५३ | १०३५९ |
| प्रतिशत | ८५.९७ | १२.३४ | ०.४४ | ०.३९ | ०.३५ | ०.५१ | १००.०० |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

नगरमा बत्ती बाल्न प्रयोग गरिने इन्धनको स्रोतमा सबै वडाहरुमा विद्युत नै देखिन्छ। भने दोस्रो इन्धनको स्रोतमा मट्टितेल रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।


### ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ३२ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | इन्धनको स्रोत | | | | | | | | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|---|---|---|
| | काठ/ दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ ठोरहा | गोबरग्यास | बिजुली | अन्य | उल्लेख नगरिएको | |
| १ | ८१६ | १२ | ६४४ | ० | ४८ | ० | ० | ० | १५२० |
| २ | ३२२ | ४ | १२९ | ६ | २ | ० | ० | १९ | ४८२ |
| ३ | ५५१ | ९ | ६७८ | ४ | ४८ | ० | ८ | २ | १३०० |
| ४ | ४५३ | २६ | ६७९ | १५ | १०९ | ३ | ३ | ११ | १२९९ |
| ५ | २८५ | ५ | ७५ | २ | ७९ | १ | ० | ० | ४४७ |
| ६ | ३५१ | ३ | ५९ | ४५ | ८६ | ० | ५ | ३ | ५५२ |
| ७ | ३८१ | ६ | ५५ | ३७ | ९५ | ० | ० | ६ | ५८० |
| ८ | ४९८ | १२ | २० | १६ | ८० | ० | ० | ० | ६२६ |
| ९ | ३९४ | ५ | २१२ | ० | ७० | ० | १ | ४ | ६८६ |
| १० | २५१ | ० | ३७ | ० | ३२ | ० | ० | ३ | ३२३ |
| ११ | ४०३ | १४ | ७ | ८६ | २२ | ० | ७ | ० | ५३९ |
| १२ | २५६ | ४ | १९२ | २ | ६८ | ० | ० | १ | ५२३ |
| १३ | २९७ | १ | ११९ | १ | ७८ | १ | २ | ५ | ५०४ |
| १४ | ४४३ | ४ | ४९ | ४ | ९३ | ० | २ | ० | ५९५ |
| १५ | २६७ | १ | ३० | १८ | ६० | १ | ६ | ० | ३८३ |
| जम्मा घरधुरी | ५९६८ | १०६ | २९८५ | २३६ | ९७० | ६ | ३४ | ५४ | १०३५९ |
| प्रतिशत | ५७.६१ | १.०२ | २८.८२ | २.२८ | ९.३६ | ०.०६ | ०.३३ | ०.५२ | १००.०० |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११


सन् २०११ को जनगणनाअनुसार परिवारमा खाना पकाउन बढी प्रयोगमा आउने इन्धनको रूपमा काठ/दाउराको प्रयोग गर्ने घरधुरी ५७.६१ प्रतिशत, एल.पी. ग्याँस प्रयोग गर्ने २८.८२ प्रतिशत, बायोग्यास प्रयोग गर्ने ९.३६ प्रतिशत, कुइठा/ठोरहा प्रयोग गर्ने २.२८ प्रतिशत रहेका छन् भने मट्टितेल प्रयोग गर्ने घरधुरी १.०२ प्रतिशत र बिजुली प्रयोग गर्ने ०.०६ प्रतिशत रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

### ७.१.१ साक्षरताको अवस्था




सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा यस नगर अन्य नगरको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरको साक्षरता दर ७५.४६ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत र पूर्वाञ्चलको ६७.१२ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरमा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस नगरमा पुरुषको साक्षरता दर ८३.३३ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६८.६५ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १५ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३३ : साक्षरताको विवरण

| वार्ड नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लख नगर्रिएको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | ३३३४ | ३२४९ | ६४ | ४७ | ११२७ | ५१५ | १ | १ | ४५२६ | ३८१२ |
| २ | ७५६ | ८२६ | ३६ | ३९ | ४०८ | २१९ | २ | ० | १२०२ | १०८४ |
| ३ | २००५ | २०१९ | ६८ | ५५ | ६५५ | २६३ | १ | २ | २७२९ | २३३९ |
| ४ | १९९३ | १९९८ | ९४ | ९३ | ५८५ | २५६ | ३ | १ | २६७५ | २३४८ |
| ५ | ७१६ | ६८८ | ५ | ५ | २५२ | १०८ | ० | ० | ९७३ | ८०१ |
| ६ | ७५१ | ८५८ | १०५ | ६६ | ४०९ | १७५ | ० | ० | १२६५ | १०९९ |
| ७ | ८६९ | ९१४ | २६ | १७ | ४२२ | १९४ | २ | ० | १३१९ | ११२५ |
| ८ | ७६९ | ८८३ | १९ | १९ | ४६९ | २२६ | ० | ० | १२५७ | ११२८ |
| ९ | ११४३ | ११११ | ८ | ५ | ३३४ | ११४ | १ | ० | १४८६ | १२३० |
| १० | ३३८ | ४६८ | २ | ८ | ३४० | १४९ | ० | ० | ६८० | ६२५ |
| ११ | ६३४ | ८१५ | १५ | २१ | ४५० | १६० | १ | ० | ११०० | ९९६ |
| १२ | ८१३ | ८२६ | २९ | २९ | ३०७ | १२४ | ३ | १ | ११५२ | ९८० |
| १३ | ७३९ | ८३७ | २ | १ | ३२४ | १५१ | ० | ० | १०६५ | ९८९ |
| १४ | ७४५ | ९१३ | २१ | २८ | ५०१ | १६८ | १ | ० | १२६८ | ११०९ |
| १५ | ५६७ | ५८२ | २ | ७ | २९० | १२९ | ० | १ | ८५९ | ७१९ |
| जम्मा | १६१७२ | १६९८७ | ४९६ | ४४० | ६८७३ | २९५१ | १५ | ६ | २३५५६ | २०३८४ |
| प्रतिशत | ६८.६५ | ८३.३३ | २.११ | २.१६ | २९.१८ | १४.४८ | ०.०६ | ०.०३ | १००.०० | १००.०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८


### ७.१.२ शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ३४ : शैक्षिक जनशक्तिको विवरण

| शैक्षिक जनशक्ति | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५०३ | ५६४३ | ३२३७ | २३६० | २३८६ | ११४० | ५५८ | १५० | १ | ११३० | २३ | १७१३१ |
| महिला | ४०७ | ५२७५ | ३३१६ | २४९४ | २४३९ | ९२० | २४८ | ४२ | ० | ११२५ | ३२ | १६२९८ |
| जम्मा | ९१० | १०९१८ | ६५५३ | ४८५४ | ४८२५ | २०६० | ८०६ | १९२ | १ | २२५५ | ५५ | ३३४२९ |
| प्रतिशत | २.७२ | ३२.६६ | १९.६० | १४.५२ | १४.४३ | ६.१६ | २.४१ | ०.५७ | ०.०० | ६.७५ | ०.१६ | १००.०० |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग

कुल साक्षर जनसंख्या ३३ हजार १ सय ५९ जना मध्ये ३ हजार ५८ जना अर्थात् ९.२२ प्रतिशतले मात्र प्रवेशिका तथा सो भन्दा माथिल्लो शैक्षिकस्तर प्राप्त गरेका छन् । जसमा १६ हजार ९ सय ८७ जना साक्षर पुरुष मध्ये १ हजार ८ सय ४८ जनाले मात्र प्रवेशिका तथा सो भन्दा माथिल्लो शैक्षिकस्तर प्राप्त गरेका छन् भने १६ हजार १ सय ७२ जना साक्षर महिला मध्ये १ हजार २ सय १० जनाले मात्र प्रवेशिका तथा सो भन्दा माथिल्लो शैक्षिकस्तर प्राप्त गरेका छन् । प्राप्त शैक्षिकस्तरको तथ्याङ्क हर्ने हो भने यस नगरमा ठुलो संख्यामा प्राथमिक तह पूरा गरेका अर्थात् ३२.६६ प्रतिशत रहेका छन् भने त्यसपछि दोस्रो स्थानमा निम्न माध्यमिक १९.६० प्रतिशत, तेस्रो स्थानमा माध्यमिक १४.४३ प्रतिशत रहेका छन् । अनौपचारिक शिक्षाका साथै व्यावसायिक शिक्षा तर्फ पनि विशेष ध्यान दिनु पर्ने देखिन्छ । अत: यी विविध सूचकहरुको अध्ययन गर्दा नगरमा शिक्षा क्षेत्रमा थप सुधारको आवश्यकता रहेको देखिन्छ । नगरमा रहेको साक्षरताको विवरण तालिकामा उल्लेख गरिएको छ ।





### ७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ३५ : विषयगत शैक्षिक जनशक्तिको विवरण

| मानविकी र कला | व्यपार र प्रशासन | शिक्षा | विज्ञान | स्वस्थ्य | इन्जिनियरिङ्, उत्पादन तथा कन्स्ट्रक्सन | कानुन | सामाजिक र व्यवहारिक विज्ञान | गरिणत र तथ्याङ्क | कृषी, वन र मत्स्य | कम्प्युटिङ्ग | पत्रकारिता र सूचना | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५२६ | ८८० | ९४६ | १३२ | ३६ | २३ | ४३ | ५३ | ११ | २५ | ९ | १ | ४ | ३६९ | ३०५८ |
| १७.२० | २८.७८ | ३०.९४ | ४.३२ | १.१८ | ०.७५ | १.४१ | १.७३ | ०.३६ | ०.८२ | ०.२९ | ०.०३ | ०.१३ | १२.०७ | १००.०० |

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग सन् २०११

नगरमा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरण देखाइएको छ । जसमा सबैभन्दा धेरै शिक्षा विषय लिएर अध्ययन गरेका संख्या ३०.९४ प्रतिशत देखिन्छ भने दोस्रोमा व्यापार र प्रशासन २८.७८ प्रतिशत, तेस्रोमा मानविकी र कला १७.२० प्रतिशत रहेको छ । यसैगरी क्रमश: विज्ञान ४.३२ प्रतिशत, सामाजिक तथा व्यवहारिक विज्ञान १.७३ प्रतिशत, कानुन १.४१ प्रतिशत र स्वास्थ्य १.१८ प्रतिशत पाइएको छ । नगरमा प्राविधिक जनशक्तिको संख्या अत्यन्त न्यून देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ७.१.४ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ३६ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| पूर्व प्रा.वि. (नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ | ० | ० | ० | ० | ० | ० |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ | ३२७३ | ३४७३ | ६७४६ | ३१३५ | ३३३३ | ६४६८ |
| मा.वि. जाने उमर समूह (कक्षा ९-१०) | १३-१४ | १४१ | १०९ | २५० | १३७ | १०५ | २४२ |
| उच्च मा.वि. (Higher Secondary School) जाने उमेर समूह (१०+२) | १५-१७ | २६ | २९ | ५५ | २२ | २५ | ४७ |
| जम्मा | | ३४४० | ३६११ | ७०५१ | ३२९४ | ३४६३ | ६७५७ |

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग सन् २०११

यस तालिकामा स्कुल जाने उमेर समुहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिकाहरु स्कूल नै गएको देखिदैन। ५ देखि १२ वर्ष उमेर समुहको जनसंख्या मध्ये ९५.८८ प्रतिशत स्कुल गएको देखिन्छ भने ४.१२ प्रतिशत स्कुल गएको देखिदैन। त्यस्तै, १३ देखि १४ वर्ष उमेर समुहको जनसंख्याको ९६.८० प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने ३.२० प्रतिशत स्कुल गएको देखिदैन। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.१.५ प्राथमिक शिक्षामा विद्यार्थीको शैक्षिक उपलब्धि र अवस्था सम्बन्धी तुलनात्मक विवरण

कोसीहरैँचा नगरपालिकाको शैक्षिक विकासको प्रयासलाई २०२८ साल अघि र पछिको अवधिमा तुलनात्मक रुपले अध्ययन गर्दा प्रशस्त विकास भएको देखिन्छ। तर आधारभुत क्षेत्रका परिसुचकहरूको अध्ययन गर्दा थप सुधारको आवश्यकता रहेको पाइन्छ। यस नगरमा शैक्षिक संस्थाहरूको स्थापनाको क्रम २०१७ साल पछि प्राथमिक तहबाट सुरुवात भई क्रमिक रुपमा विकास भएको देखिन्छ। राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भए पछि विद्यालय स्थापना सञ्चालन गतिविधिहरूमा क्रमिक रुपमा बृद्धि हुँदै आएको तथा प्राथमिक शिक्षा परियोजना लागु भए पछि विद्यालयको भौतिक सुधार, शिक्षक तालिम, स्रोत केन्द्र स्थापना र निरिक्षण एवं अनुगमन जस्ता महत्वूर्ण कार्यहरू सुरु भएको देखिन्छ। तत्पश्चात, आधारभुत तथा

प्राथमिक शिक्षा परियोजनाले औपचारिक शिक्षाको विकासमा महत्वपूर्ण भुमीका खेलेको पाइन्छ। औपचारिक शिक्षाको क्षेत्रमा मध्यम तथा उच्चस्तरिय शिक्षामा समेत यो नगरले पूर्वाञ्चल विकास क्षेत्रमै अग्रणी भुमीका खेल्दै आएको छ। त्यस्तै औपचारिक शिक्षामा निजी क्षेत्रको सहभागिताले नयाँ आयाम थपेको तथा नगरको शैक्षिकस्तर सुधार्नमा समेत प्रशस्त सहयोग गरेको छ। त्यस्तै प्राविधिक एवं व्यावसायिक शिक्षा तर्फ निजी क्षेत्रले अपेक्षाकृत रुपमा महत्वपूर्ण भुमीका खेलेको कुरा निर्विवाद छ।

### ७.१.६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरु प्रथमकि तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ।
- **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङ्कलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ।
- **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ।
- **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** नगरको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो।
- **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्य विद्यालयहरुको आथिक स्थिति निकै कमजोर देखिन्छ। दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ।
- **अभिभावकहरु चनाखो नहुनु :** बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ।
- **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ। यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन। एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन।
- **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीस्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ। राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ। यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ।
- **शिक्षकहरुमा प्रतिबद्धताको कमी :** शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ। प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ।
- **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ। प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन्।

## ७.२ स्वास्थ्य

पूर्वाञ्चल विकास क्षेत्रको तराई भागमा अवस्थित यस नगर सुगम रहनुका साथै स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वास्थयकर बानी व्यवहार पनि अनुकुल देखिन्छ। राजनितिक रुपमा १५ वडाहरुमा विभाजित यस नगरमा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छन्। नगरमा २ वटा (निजी तथा सामुदायिक गरी) अस्पताल रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। त्यसका अतिरिक्त नगरमा प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी १, उप-स्वास्थ्य चौकी १ र १ वटा Birthing Centre रहेको छन्। तथापी ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ। खासगरी समुदायमा प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा नगरभरि महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत रहेका छन्। यी स्वयंसेविकाहरुको सेवा उदाहरणीय रहेको देखिन्छ।

तालिका नं. ३७ : स्वास्थ्य संस्थाहरुको विवरण

| क.सं. | स्वास्थ्य संस्थाको नाम | वडा | क.सं. | स्वास्थ्य संस्थाको नाम | वडा |
|---|---|---|---|---|---|
| १ | प्राथमिक स्वास्थ्य केन्द्र, हरैचा | १३ | ४ | उपस्वास्थ्य चौकी मृगौलिया | ८ |
| २ | स्वास्थ्य चौकी इन्द्रपुर | ४ | ५ | सुकुना सामुदायिक अस्पताल | १ |
| ३ | Birthing Centre Indrapur | ४ | ६ | मनास्लु अस्पताल | १ |

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस नगरमा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

नगरमा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन। यस अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anesthesiologist) छैनन र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुँदैन। निर्वाचन क्षेत्रको आधारमा स्थापना भएको ३/३ शैया क्षमताको प्राथमिक स्वास्थ्य केन्द्रहरूका दरबन्दी अनुसारको डाक्टरको आपुर्ति नभएका कारण विरामीहरूले यथोचित सुविधा प्राप्त गर्न सकेका छैनन।

नगरका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी वा उपस्वास्थ्य चौंकी रहेको देखिन्छ। नगरमा २ वटा अस्पताल (सामुदायिक र निजी गरी), १-१ वटा HP र SHP हरू रहेका छन् र यीनीहरूको क्षेत्राधिकारभित्र भिन्नाभिन्नै जनसंख्या भएकोले सम्प्रेषण गर्ने कुरा नियममा मात्र सिमित छ। एक स्वास्थ्य चौकीमा एक हेल्थ असिस्टेन्ट (HA), एक्जुलरी हेल्थ वर्कर (Community Medical Assistant ( AHW or CMA), एक्जुलरी नर्स मिडवाइल (ANM), ग्रामीण स्वास्थ्य कार्यकर्ता (VHW) र पियन गरी पाँच प्रकारका कर्मचारीहरू रहेका छन्। त्यसैगरी उप-स्वास्थ्य चौकी मा AHW, VHW, MCHW र पियन गरी ४ प्रकारका कर्मचारी रहन्छन् त्यसैगरी जनसंख्याको आधारमा विभिन्न वडाहरूमा महिला स्वयंसेविकाहरू कार्यरत छन्। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ भने हालसालै सुरु भएको सामुदायिक औषधी कार्यक्रमले केहीमात्रामा औषधीको नियमित आपुर्ति गर्नसक्ने आशा गरिएको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.२.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वंसेवीकाहरू छनौट गर्ने प्रावधान रहेको छ। नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

### ७.२.२ सुँडेनी (TBA)

हरेक वडाहरूमा एकजना सुँडेनीहरू राख्ने नेपाल सरकारको निती रहेको छ। परम्परागत रुपमा सेवा प्रदान गर्दै आएको सुँडेनीहरूले १२ दिनको आधारभुत तालिम प्राप्त गरिसकेका छन। तिनीहरूले MCHW बाट सुपरिवेक्षण समेत प्राप्त गरी हरेक ६ महिनामा स्वास्थ्य/उपस्वास्थ्य चौकीबाट पुनर्ताजगी तालिम समेत प्राप्त गरेका छन।

### ७.२.३ गााउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। तर यी स्थानहरुमा क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गर्न सकिएको छैन साथै तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति पनि कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू HP र SHP को तहमा मात्र उपलब्ध गराइन्छ। नगरमा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बनाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ५ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.२.४ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मत्तय १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार मोरङ्ग जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.२.५ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार ताथ रेखदेख गर्न सकिएन भने उनीहरूविभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

### ७.२.६ खोपको विवरण

बालबालिका भविष्यमा निर्माता हुन्। यसको लागि यिनीहरु स्वास्थ्य र निरोगी हुनु आवश्यक छ। बालक अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रमा दिनै पर्दछ । बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रमा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्‍याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्षको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

### ७.२.७ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसंख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा निमोनिया, झाडापखाला, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.२.८ शिशु तथा ५ वर्ष बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सन् २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.२.९ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था कस्तो छ भन्ने कुरा त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकार्लाइ अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लखे गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

## ७.३ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरको चौतर्फी विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरमा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि नगरले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिन्छ। त्यस्तै प्रतियोगिता केन्द्रका रुपमा विकसित भएको बाघझोडा खेल मैदानमा पनि केही पूर्वाधार रहेको देखिन्छ। हाल स्थीय स्वायत्त शासन ऐन २०५५ लागु भए पछि जिल्ला विकास समिति तथा गाविस र नपाहरूले पनि आआफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, नगर गाँउ खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवशहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लीग नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित

खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्नुपर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

तालिका नं. ३८ : खेलकुद तथा मनोरञ्जन स्थानको विवरण

| क्र.स. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सुकुना खेल मैदान | १ | १ विगाहा क्षेत्रफल (वडा नं. १) |
| २ | प्रस्तावित इन्द्रपुर रंगशाला | १ | वडा नं. २ |
| ३ | सलकपुर मैदान | १ | वडा नं. १२ |
| ४ | हरैचा खेलकुद मैदान | १ | वडा नं. १३ |
| ५ | पचाम खेलकुद मैदान | १ | वडा नं. १४ |
| ६ | बाघझोडा खेल मैदान | १ | |
| ७ | सुकुना चलचित्र मनिदर | १ | वडा नं. ३ |

## ७.४ नागरिक सुरक्षा सेवा

### ७.४.१ सामाजिक सूचकहरू

यस नगरमा शारीरिकरुपले कमजोर एवं सामाजिक हिसाबले पछाडि पारिइएका अनाथहरू ,बालबालिकाहरू, बृद्ध-बृद्धाहरू तथा अपाङ्गहरूको सुरक्षा एवं स्याहार सुसारको लागि अपाङ्ग पुर्नस्थापना केन्द्र, बृद्धाश्रमहरू, बाल क्लबहरू र २३ वटा बालविकासकेन्द्रहरू रहेका छन्। यही गणनाको नतिजा अनुसार यस नगरमा ७० वर्ष र सो भन्दा माथिल्लो उमेरका बृद्ध–बृद्धाको संख्या १७३३ जना रहेको छ। जस मध्ये ८४३ जना बृद्ध र ८९० जना बृद्धा रहेका छन्। त्यसै गरी कुल आपङ्गहरूको संख्या ८८५ मा ६५ जना चाहिं मानसिक अपाङ्गहरू रहेका छन्। विधुवा-विधुरहरूको संख्या १४१२ जना मध्ये २७६ जना विधुर र ११३६ जना विधुवा रहेका छन्। पारपाचुके गरेर बसीरहेकाहरू ४१ जनामा १९ पुरुष र २२ जना महिला रहेका छन्। १११ जनाले कानूनीरुपमा सम्बन्ध विच्छेद नगरेतापनि एकअर्कासंग छुट्टिएर बसेका छन्। यसरी एकअर्कासंग छुट्टिएर बसीरहेकामा २८ जना पुरुष तथा ८३ जना महिला रहेका छन्। केही महत्वपूर्ण सामाजिक सूचकहरू तलको तालिकामा दिईएका छन्।

### ७.४.२ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार, ७० वर्ष उमेर नाघेका ३.६३ प्रतिशत (१७३३ जना) बृद्धबृद्धाहरू यस नगरमा रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत आवश्यक हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ।द्धबृद्धाहरूलाई सेवा पुऱ्याउन यस नगरमा सुविधासम्पन्न वृद्धा आश्रमको निर्माण गर्नुपर्ने देखिन्छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी छैन। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई तहसनहस पार्ने खतरा बढ्दै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको ३.०३ प्रतिशत (१४४७ जना) , ६५-६९ वर्षका २.३० प्रतिशत (१०९९ जना) गरी जम्मा २५४६ थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन र यस स्थितिलाई कसरी सहज बनाउने र नगरमा जिवीत यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पीढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.५ महिला तथा बालवालिका

यस नगरमा वस्तुगत विवरणको हरेक खण्डमा खण्डिकृत तथ्याङ्क प्रस्तुत गरिएको छ। तसर्थ महिला सम्बन्धी विवरण सम्बन्धित खण्डमा नै पाउन सकिन्छ। यहाँ महिलाको वैवाहिक स्थिति लगायतका केही महत्वपूर्ण विवरणहरू मात्र प्रस्तुत गरिएका छन्।

### ७.५.१ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्ष दखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाका बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रममा नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। बालश्रम नेपालको अन्तरिम संविधानको धारा २२ ले पनि रोक लगाइको छ भने बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, श्रम ऐन २०४८ लगायत कानुनी व्यवस्थाहरू विद्यमान छन्। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बनधी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

### ७.५.२ संस्थागत स्याहारमा रहेका द्वन्द्व प्रभावित बालबालिका

केन्द्रीय बालकल्याण समतिले विभिन्न ४६ जिल्लामा गरेको अध्ययनअनुसार २४ जिल्लामा संस्थागतरुपमा द्वन्द्व प्रभावित बालबालिका रहेको पाइयो। ७४६ जनामा १२१ परिवार विहिन, बाबुमात्र भएका २६ जना बालबालिका, आमामात्रै भएका ४३६ जना र दुबै भएका १६३ बालबालिका छन् । सबैभन्दा बढी ४१६ जना र त्यसपछि काठमाडौंमा ९८ जना बालबालिका संस्थागत स्यहारामा रहेको छन्। उक्त बालबालिकाको अवस्थामा हेर्ने हो भने बालबालिकाकालाई संस्थागत स्याहारमा राख्नु अन्तिम विकल्पका रुपमा लिने गरेकोमा ती बालबालिकालाई बैकल्पिक स्याहार र सुरक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ।

### ७.५.३ बालसंरक्षण तथा संबर्द्धन समिति

बालबालिकाको जीवन रक्षा, संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रम सरकारी र गैरसरकारी विभागका साझेदार संस्थाहरूको सहकार्यमा संचालन गर्न बाञ्छनिय भएकोले त्यस्ता कार्यक्रमलाई निर्देशित र नियमन गर्न नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल अधिकार संरक्षण र संबर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ जारी गरि लागु गरेको छ।

सोही जारी निर्देशिका अनुसार पचहत्तरै जिल्लामा बालअधिकार संरक्षणार्थ विभिन्न संरचनाहरू गठन भई कार्यक्रमहरू लागु भएको देखिन्छ। जसमा १६६१ ओटा गाविहरूमा १६६१ ओटा गाउ बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिहरू गठन भएको देखिन्छ भने २७ नगरपालिकाहरूमा २७ ओटा नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति गठन भएको देखिन्छ। यी नगरपालिकाका ६३ ओटा वडाहरूमा वडा स्तरीय वडा बालसंरक्षण संबर्द्धन गठन भएको देखिन्छ। जसलाई वडास्तरमा विस्तार गर्नु पर्ने देखिन्छ।

### ७.५.४ बालविकास केन्द्र

यस नगरमा विद्यालय र समुदायमा आधारित बाल विकास केन्द्रहरु २३ वटा संचालनमा रहेका छन्। जसको विवरण निम्नानुसार छन्:

तालिका नं. ३९ : नगरमा संचालित बालविकास केन्द्रको विवरण

| सि.नं. | बाल विकास केन्द्रको नाम र | ठेगाना |
|---|---|---|
| १ | श्री सुकुना बाल विकासकेन्द्र | कोसीहरैँचा-४ |
| २ | श्री सामुदायिक बाल विकासकेन्द्र | कोसीहरैँचा-१ |
| ३ | श्री शिसौबाँध बाल विकासकेन्द्र | कोसीहरैँचा-१२ |
| ४ | श्री प्रभात बाल विकासकेन्द्र क | कोसीहरैँचा-१४ |
| ५ | श्री प्रभात बाल विकासकेन्द्र ख | कोसीहरैँचा-१४ |
| ६ | श्री जनजागृती बाल विकासकेन्द्र | कोसीहरैँचा-१४ |
| ७ | श्री देवी बाल विकासकेन्द्र | कोसीहरैँचा-१३ |
| ८ | श्री सुकुना बाल विकासकेन्द्र | कोसीहरैँचा-१ |
| ९ | श्री जीत बाल विकासकेन्द्र | कोसीहरैँचा-४ |
| १० | श्री सिद्धार्थ बाल विकासकेन्द्र | कोसीहरैँचा-१ |
| ११ | श्री जयदलजीत बाल विकासकेन्द्र | कोसीहरैँचा-५ |
| १२ | श्री अनु बाल विकासकेन्द्र | कोसीहरैँचा-८ |
| १३ | श्री नमुना बाल विकासकेन्द्र | कोसीहरैँचा-९ |
| १४ | श्री सयपत्री बाल विकासकेन्द्र | कोसीहरैँचा-३ |
| १५ | श्री लालीगुराँस बाल विकासकेन्द्र | कोसीहरैँचा-३ |
| १६ | श्री अग्रणी बाल विकासकेन्द्र | कोसीहरैँचा-१ |
| १७ | श्री जीवन ज्योति बाल विकासकेन्द्र | कोसीहरैँचा-१५ |
| १८ | श्री नारधता बाल विकासकेन्द्र | कोसीहरैँचा-१३ |
| १९ | श्री सगरमाथा बाल विकासकेन्द्र | कोसीहरैँचा-१५ |
| २० | श्री नमुना बाल विकास केन्द्र | कोसीहरैँचा-८ |
| २१ | श्री सुकुना बाल विकासकेन्द्र | कोसीहरैँचा-३ |
| २२ | श्री विराटकला विकासकेन्द्र | कोसीहरैँचा-३ |
| २३ | श्री बागझोडा बाल विकासकेन्द्र | कोसीहरैँचा-१ |


### ७.५.५ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाका क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितीगत दस्तावेहजरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका लागि विभिन्न स्तरका निती तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा नगरमा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यलाय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

## ७.६ अपाङ्गताको विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार नगरमा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या १.८५ प्रतिशत रहेको छ। जसमा शरिरीक अपाङ्गता भएका ०.६५ प्रतिशत, दृष्टि सम्बन्धी ०.२६ प्रतिशत, सुनाई सम्बन्धी अपाङ्गता भएका ०.३० प्रतिशत, स्वर बोलाई सम्बन्धी ०.२६ प्रतिशत देखिन्छ। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समसयाका कारण उत्पन्न Trocoma जस्तो नेत्रज्योती नास गर्ने रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपांगतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपांगताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।



तालिका नं. ४० : अपाङ्गताको विवरण

| अपाङ्गता नभएको | शारीरिक अपाङ्गता | दृष्टि सम्बन्धी अपाङ्गता | सुनाई सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहिन | स्वर बोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४६८९७ | ३११ | १२२ | १४५ | १९ | १२४ | ६५ | २२ | ७७ | ४७७८२ |
| ९८.१५ | ०.६५ | ०.२६ | ०.३० | ०.०४ | ०.२६ | ०.१४ | ०.०५ | ०.१६ | १००.०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

## ७.७ शान्ति सुरक्षा

कोसीहरैंचा नगरपालिकामा विभिन्न सुरक्षा बलहरु मार्फत शान्ति सुरक्षालाई कायम गर्न खोजिएको छ। ति हुन्:


१. औद्योगिकि सुरक्षा गण
२. शसस्त्र प्रहरी, वडा नं. १२
३. प्रहरी चौकी, वडा नं. १
४. इलाका प्रहरी कार्यालय, हरैचा, वडा नं. १३

यी सुरक्षा निकायहरुको प्रत्यक्ष सुरक्षा जिम्मेवारीभित्र रहेको यस नगरपालिकामा विभिन्न सामाजिक समस्याहरूको उजुरी पर्ने गरेको छ। सुरक्षा चुनौतीको सामाना गरी भविष्यमा हुन सक्ने घटनाको न्यूनीकरणका लागि प्रहरी कार्यालयसँग थप सवारी साधन हुनुपर्ने, महिला ब्यारेगको व्यवस्था हुनुपर्ने, महिला हिरासत अलग्गै बनाउनुपर्ने, प्रहरी कार्यालयहरूको ब्यारेग नयाँ निर्माण गर्नुपर्ने र पुराना ब्यारेग बेलाबेलामा मर्मत गर्नुपर्ने आवश्यकता रहेको छ।

## ७.८ खानेपानी तथा सरसफाई

### ७.८.१ खानेपानीको विवरण

कोसीहरैंचा नगरपालिकाको खानेपानीको प्रमुख स्रोत भूमिगत जलस्रोत नै हो। नगरका वडाहरूमा ट्युबेल, ह्याण्डपम्प नै प्रमुख खानेपानीको स्रोतको रुपमा रहेका छन्। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार नगरमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा ट्युबवेल/हातेपम्प प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ८१.१३ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा धारा तथा पाइपको प्रयोग गर्नेको संख्या १६.५६ प्रतिशत देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




तालिका नं. ४१ : खानेपानीको विवरण

| खानेपानीको श्रोत | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| धारा/ पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/ कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | |
| १६८८ | ८४०४ | २६ | २३ | १३ | ३ | १५० | ५२ | १०३५९ |
| १६.३० | ८१.१३ | ०.२५ | ०.२२ | ०.१३ | ०.०३ | १.४५ | ०.५० | १००.०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

## ७.८.२ वडागत खानेपानीको विवरण

तालिका नं. ४२ : वडागत खानेपानीको विवरण

| वडा नं. | खानेपानीको श्रोत | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | |
| १ | १६ | १४९० | २ | ६ | ६ | ० | ० | ० | १५२० |
| २ | १३७ | ३२२ | ० | ० | ० | ० | ४ | १९ | ४८२ |
| ३ | २०८ | १०८५ | ३ | ० | १ | ० | १ | २ | १३०० |
| ४ | २१ | १२०७ | १३ | ० | १ | ० | ४६ | ११ | १२९९ |
| ५ | ११३ | ३२६ | १ | २ | २ | २ | १ | ० | ४४७ |
| ६ | १२ | ५०३ | १ | ० | १ | ० | ३३ | २ | ५५२ |
| ७ | १६३ | ४०९ | ० | १ | १ | ० | ० | ६ | ५८० |
| ८ | १ | ६२४ | ० | १ | ० | ० | ० | ० | ६२६ |
| ९ | ४९९ | १८१ | १ | ० | ० | ० | १ | ४ | ६८६ |
| १० | ७ | ३१३ | ० | ० | ० | ० | ० | ३ | ३२३ |
| ११ | ३ | ५३२ | १ | २ | ० | १ | ० | ० | ५३९ |
| १२ | २३५ | २७४ | ३ | ११ | ० | ० | ० | ० | ५२३ |
| १३ | १७० | ३१० | ० | ० | १ | ० | १८ | ५ | ५०४ |
| १४ | ८४ | ४९४ | १ | ० | ० | ० | १६ | ० | ५९५ |
| १५ | १९ | ३३४ | ० | ० | ० | ० | ३० | ० | ३८३ |
| जम्मा | १६८८ | ८४०४ | २६ | २३ | १३ | ३ | १५० | ५२ | १०३५९ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

सन् २०११ अनुसार यस नगरका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको रुपमा सबै वडाहरुमा सबैभन्दा बढी ट्यूबवेल तथा हाते पम्पको प्रयोग गरेको देखिन्छ। दोस्रो ठूलो स्रोतको रुपमा धारा तथा पाइपको प्रयोग गरेको देखिएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।


## ७.८.३ शौचालयको विवरण

तालिका नं. ४३ : शौचालयको विवरण

| फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेफ्टि ट्याङ्की) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|
| १३० | ३८५३ | ३७७७ | २५४५ | ५४ | १०३५९ |
| १.२५ | ३७.१९ | ३६.४६ | २४.५७ | ०.५२ | १००.०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार समुदायको प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा करिब ३७.१९ प्रतिशत घरधुरीमा फ्लस भएको (सेफ्टि ट्याङ्की), ३६.४६ प्रतिशत साधारण शौचालय प्रयोग गर्ने गरेको देखिन्छ भने २४.५७ प्रतिशत घरपरिवारले शौचालय प्रयोग गर्ने गरेको देखिदैन। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.८.४ वडागत चर्पीको संख्याको विवरण

तालिका नं. ४४ :वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३६ | १०६६ | ३०४ | ११४ | ० | १५२० |
| २ | १ | १६९ | १६९ | १२४ | १९ | ४८२ |
| ३ | ५ | ६७० | ५०५ | ११८ | २ | १३०० |
| ४ | ३२ | ८४१ | ३२५ | ९० | ११ | १२९९ |
| ५ | १२ | ८७ | २६० | ८८ | ० | ४४७ |
| ६ | १ | ३२ | २६५ | २५१ | ३ | ५५२ |
| ७ | ८ | १४५ | १७१ | २५० | ६ | ५८० |
| ८ | ११ | १३६ | ११० | ३६९ | ० | ६२६ |
| ९ | ३ | ३९७ | १९३ | ८९ | ४ | ६८६ |
| १० | ० | २७ | ८७ | २०६ | ३ | ३२३ |
| ११ | १ | ३० | ११९ | ३८९ | ० | ५३९ |
| १२ | ७ | १३२ | २९७ | ८६ | १ | ५२३ |
| १३ | २ | ६१ | २९६ | १४० | ५ | ५०४ |
| १४ | ६ | ४१ | ४१५ | १३३ | ० | ५९५ |
| १५ | ५ | १९ | २६१ | ९८ | ० | ३८३ |
| जम्मा | १३० | ३८५३ | ३७७७ | २५४५ | ५४ | १०३५९ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार नगरका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा सबै वडाहरुमा सबैभन्दा बढी फ्लस भएको (सेफ्टि ट्याङ्की) प्रयोग गरेको पाईयो भने दोस्रोमा साधारण चर्पीको प्रयोग भएको देखियो। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

पूर्वाञ्चल क्षेत्रको कोसी अञ्चलको तराईको जिल्ला मोरङ वन वातावरण र जैविक विविधताको दृष्टिकोणले अद्यापी सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। मोरङ जिल्लाको यस नगरपालिकामा कुल क्षेत्रफल ६४.२९ वर्ग कि.मि. मध्ये २० प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ।

यस नगरमा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिंगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कर्‍याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

कोसीहरैंचा नगरको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनु पर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस नगरमा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्य नजर गरी २०६३ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावरको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस नगरमा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल आएर आधा दर्जन जति सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

नगरमा समुन्द्री सतहबाट ११६ मि. को भुभाग देखि १६४ मि. सम्मको समथर भुभागमा अवस्थित रहेको र यस नगरमा उष्ण मनसुनी जलवायुयुक्त भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन्। जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमशः लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावरको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्मार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्मार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्मो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते,

चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावरहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल, लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन्।

यस नगर क्षेत्रमा रहेका वनजंगलहरुले बाघ, भालु, चितुवा, तित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, हात्ती, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ। नगरमा रहेका विभिन्न ताल तलैयाहरू र सिमसार क्षेत्रहरू जस्तै, बागझोडा सिमसार क्षेत्र, भुल्के सिमसार क्षेत्र, कालीखोला सिमसार क्षेत्रहरूले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषत: कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम क्रमिकरुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई कृषियोग्य भुभागमा परिणत हुनु र वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

नगरको हावापनीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वास्थान उपलब्ध गराइको भएतापनि जनसंख्या र बसाईसराइको अत्याधिक चाप र भुमीको उर्वरापनका कारण करिब ४ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका बाघझोडा पर्यटकीय स्थल, भुल्के जलाधार संरक्षण क्षेत्र, काली खोला सिमसार, किचमगढी धार्मिक क्षेत्र, विभिन्न थानहरु, मस्जिद तथा चर्चहरुको समेत संरक्षण गर्नुपर्ने देखिन्छ।

नगर समुन्द्र सतहबाट ११६ मि. देखि १६४ मि. उचाईसम्म फैलिएको छ र यहाँ जैविक विविधताले भरिपूर्ण रहेको छ। उष्ण मनसुनी किसिमका वातावरण भएको हुँदा विशिष्ट किसिमको जैविक विविधता पाइन्छ। यहाँका सिमसार तथा तालतलैयाहरुमा विभिन्न किसिमका वन्य जन्तु तथा चराचुरुङीहरू आउने जाने गर्दछन्।

## ८.३ नगरमा पाइने मुख्य वनस्पतिहरू

यहाँ पाइने मुख्य वनस्पतिहरूमा साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैँदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा आदि प्रजातिका वनस्पतिहरू हुन्।

## ८.४ लघु वन पैदावार

नगरको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। मुख्य रुपमा पाइने लघु वन पैदावारमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्डूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि मुख्य हुन्।

## ८.५ नगरमा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

यस नगरमा पाइने प्रमुख वन्यजन्तुहरुमा बाघ, भालु, चितुवा, तित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, हात्ती, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि छन।

### (ख) चराचुरुङ्गी

यस नगरमा पाईने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कर्‍याङकुरुङ, भद्राई, सारस आदि प्रमुख छन्।

### (ग) घिस्रने जिवजन्तुहरू

यस नगरमा पाइने घिस्रने जिवजन्तुहरूमा गोमन, गनगवाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) जलचर तथा उभयचर जीवहरु

माछा, ठोटेरा, गँगटा, भ्यागुता, कछुवा आदि।

### (ङ) कीरा फट्याङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, भुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे आदि।

### (च) फूलका प्रजातिहरु

सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि।

## ८.६ सामुदायिक वन

### ८.६.१ सुकुना सामुदायिक वन

यस कोसीहरैँचा नगरपालिकामा सुकुना सामुदायिक वनलाई वन उपभोक्ता समितिमा हस्तान्तरण गरिएको छ । यस श्री सुकुना सामुदायिक वनको उत्तर तर्फ संरक्षित वनको अग्निरेखा, दक्षिणमा आवादीको क्षेत्र, पूर्व किस्ती खोला र पश्चिममा सुकुना खोला रहेको समथर भू- भागमा अवस्थित छ। यस सामुदयिक वन समुन्द्र सतहवाट १५० मिटर देखी २५० मिटरको उचाइमा रहेको छ। साथै सामुदायिक वन उपभोक्ता समूहको सिमाना पूर्वमा किस्ती खोला, पश्चिममा सुकुना खोला, उत्तरमा कोसीहरैँचा न.पा. १ को आवादी र दक्षिणमा सुकुना र किस्तीको दोभान रहेको छ। यस सामुदायिक वनको निर्माण प्राकृतिक रुपमै र केही वृक्षारोपणबाट गरिएको छ। यस सामुदायिक वनको कोड नं. MOR / LO /57 / 01 रहेको छ। यस वनको क्षेत्रफल २९१.७५ हेक्टर (विगतमा २९६.२५ हे. भनिएता पनि हाल GPS ले सर्भे गर्दा २९१.७५ हे.छ। यसो हुनुको मुख्य कारण खोर्सानेदेखि केराबारी जाने बाटो हाल जंगलमा समावेश नभएकाले क्षेत्रफल घट्न गएको हो।) यस सा.व. को पुनरुत्पादनको अवस्था राम्रो रहेको छ। यस वनमा औसत प्रति हेक्टर विरुवा संख्या ९३९६ र लाथ्रा संख्या २७४८ रहेको छ। वन कार्ययोजनाको अवधि १० वर्ष (आ.व. ०७२/७३ देखि ०८१/८२ सम्म) रहेको छ। यस वनबाट लाभान्वित उपभोक्ता घरधुरी संख्या १२०५ रहेको छ भने उपभोक्ता समिति सदस्य संख्या पुरुष ११ जना र महिला १० जना गरी जम्मा २१ रहेका छन्।

### ८.६.१.१. वनको हालको अवस्था

यस सामुदयिक वनको समग्र अवस्था राम्रो रहेको छ। यस वनमा औसत रुखको संख्या ६७ वटा र पोलको २७० वटा प्रति हेक्टर रहेको छ। यस वनको औसत मौज्दात रुखको १५६.५३ घ.मि. र पोलको २१.९४ घ.मि. गरी जम्मा १७८.४७ घ.मि. प्रति हेक्टर रहेको छ। साथै बेसल एरिया २०.१३ $m^2$/ha रहेको छ।

### ८.६.१.२ वनमा रहेका मुख्य प्रजातीहरु

यो वन उष्ण प्रदेशिय पतझड वन हो। यस वनमा साल प्रजातिको वाहुल्यता रहेको छ भने अन्य प्रजातिहरुमा जामुन, बोटधंगेरो, कर्मा, टाटरी, साज, राजवृक्ष, पिठारी, खिर्रो, हाडे,क्यामुना आदि रहेका छन्।

### ८.६.१.३ वन व्यवस्थापन खाका

**वन संवर्धन प्रणाली :** इरेगुलर सेल्टरउड सिस्टम

**कम्पार्टमेन्ट संख्या :** १

**सब-कम्पार्टमेन्ट (आवधिक खण्ड) संख्या :** ८

**बाली चक्र :** ८० बर्ष

**वन संवर्द्धन प्रणाली :** इरेगुलर सेल्टरउड प्रणाली

**पुनरुत्पादन अवधि :** १० बर्ष

**पुनरुत्पादन कटान गर्ने आवधिक खण्ड :** आ.ख १ (PB I)

**बार्षिक कटान क्षेत्रफल :** ३.२३ हे.

**माउरुख औसत संख्या प्रति हे.:** १५-२० वटा,

**माउरुखको औषत दुरी :** १५-२५ मिटर

**अन्य वन संवर्द्धन कार्यहरु :** पुनरुत्पादन तयारी कटान, विभिन्न प्रकारको थिनिङ, पुनरुत्पादन अभिबृद्धि काय{

### ८.६.१.४ वार्षिक संकलन गर्न सकिने वन पैदावारको परिमाण

यस वनवाट योजना अवधिमा आ.ख १ वाट वार्षिक रुपमा औषतमा तपसिल वमोजिम पुनरुत्पादन कटान र पुनरुत्पादन तयारी कटान वाट काठ दाउरा उत्पादन हुने अनुमान गरीएको छ। अन्य आ.ख को पुनरुत्पादन तयारी कटान वाट वाट उत्पादन हुने वन पैदावारको हाल हिसाव गरीएको छैन। आ.ख १ का सवै कुपहरुको अवस्था एकैनासको नहुन सक्ने भएकोले प्रत्येक वर्ष उत्पादन हुने परीमाण फरक पर्न सक्छ। यस योजना अवधिमा प्रत्येक वर्ष उत्पादन हुने काठ दाउराको अलग अलग विवरण खण्ड २ मा उल्लेख गरीएको छ।

**आ.ख १ वाट बार्षिक उत्पादन हुने परिमाण औसत :** ६३४७.२० क्यु.फि. काठ र ८-९ चट्टा दाउरा

**समग्र वनवाट ढलापडा संकलन वाट :** ५०० क्यु.फि. काठ र १ चट्टा दाउरा

**नोट :** वृक्षारोपन गरिएको प्रजाती जस्तै टिक, रबर, मसला, खयर, कदम आदीको रोटोसन ८० वर्ष भन्दा कम रहेकोले सोका हकमा इलाका, सेक्टर र जिल्ला वनसगँ सुझाव सल्लाह लिई एक्लाउने, पत्ल्याउने जस्ता वन संवर्धनका क्रियाकलाप गरिनुका साथै परिपक्क भएपछि कटान गर्न सकिने छ। वृक्षारोपन गरिएको प्रजातीको रोटेशन ८० वर्ष भन्दा कम भएकाले यस क्षेत्रलाई आ.ख. नछुटाई वन व्यवस्थापनको कार्यहरु गरिने छ।

### ८.६.१.५ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस वनका उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्वा, कटहर, अमरा, मेवा, केरा आदी पर्दछन। वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ।

### ८.६.१.६ वन संरक्षणको तरिका

यस वनको संरक्षण गर्नका लागि उप समिति, वन हेरालु, उपभोक्तालाई परिचालन गरिएको छ। यस वनको वृक्षारोपण क्षेत्रमा आवश्यकता अनुसार घेराबेरा समेत गरिएको छ। बाँकी क्षेत्रमा घेराबेरा, चरिचरण नियन्त्रण र अग्नि रेखा निर्माणमा विशेष जोड दिईने छ।

#### ८.६.१.७ वन्यजन्तु

यस वनमा बदेल, भ्याउसो, वनढाडे, स्याल, मृग, चित्तल, सेतो ढेडु, रातो बाँदर, खरायो, सालक जस्ता जनावरहरु लुइचे, ढोडे कोइली, कालो कोइली, चमेरो, ढुकुर, काग, रुपी जस्ता चराहरु र सर्प, छेपारो, गोहोरो जस्ता सरीसृपहरु रहेका छन्।

## ८.७ वन व्यवस्थापनको विवरण

तालिका नं. ४५ : सामुदायिक वनको विवरण

| सामुदायिक वनको नाम | समिति संख्या | लाभान्वित घरधुरी | वडा | क्षेत्रफल |
|---|---|---|---|---|
| सुकुना सामुदायिक वन | २१ | १२०५ | १, ४, ९ | २९१.७५ हे. |

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरले अग्रणी भुमिका खेलेको छ। नगरमा सामुदायिक वन दर्ता वि.सं. २०६३/०४/३१ बाट सुरु भई आव २०७१/०७२ सम्ममा सुकुना सामुदायिक वनलाई स्थानीय उपभोक्तालाई हस्तान्तरण गरिएको छ। नगरमा वनहरुको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन। श्रृजना वन, सलकपुर वन, र जनजागरण र जनचेतना वनहरु अझैं सम्म हस्तान्तरण नभएका वनक्षेत्रभित्र पर्दछन्।

## ८.८ वनमा सामुदायिक सहभागिता तथा वनजन्य उत्पादन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको निती अनुसार यस नगरमा सेक्टर वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षण भन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले भूक्षेत्रको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर वन क्षेत्रको नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

## ८.९ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावरको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस नगरमा संचालन गरिएको छ। नगरमा निजी वन दर्ता भने भै सकेको छैन।

## ८.१० धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ। नगरको विभिन्न भागहरू धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ।

## ८.११ जडिबुटी सम्बन्धी विवरण

यस नगरको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्डूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.१२ संरक्षणको सुचिमा राखिनु पर्ने जडिबुटीहरू (जैविक विविधता)

हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, वर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल, चरचरे लहरो, क्यामुना आदि जस्ता जडिबुटीहरुलाई संरक्षणको सूचीमा राखेर संरक्षण गर्नुपर्ने देखिन्छ।

## ८.१३ वन पैदावरमा आधारित उद्योगहरूको विवरण

कोसीहरैँचाको वन पैदावरमा आधारित उद्योगहरूको अध्ययन गर्दा स:मिल तथा फर्निचर उद्योगहरू रहेका छन्। यी उद्योगहरूबाट पनि ठूलो परिमाणका काठको खपत हुने गरेको छ। नगरमा हालसम्म सञ्चालन रहेको वन पैदावरमा आधारित उद्योगहरूमा करिब विभिन्न ईटा, टायल उद्योगहरू नियमितरुपले सञ्चालित अवस्थामा रहेको देखिन्छ।

## ८.१४ जलवायू परिवर्तनका लागी अनुभव गरिएका सुचकहरूको विवरण

तालिका नं. ४६ : जलवायू परिवर्तनका लागी अनुभव गरीएका सुचकहरूको विवरण

| पानीको सत्तह | तापक्रम | वर्षाको किसिम | कृषि उत्पादन |
|---|---|---|---|
| घट्दो | बढ्दो | घट्दो | घट्दो |

स्रोत : सेक्टर वन कार्यालय, २०७२

यस तालिकामा जलवायु परिवर्तनले प्रभाव पारेको पानीको सतह, तापक्रम, कृषि उत्पादन आदि प्रभावित सूचकहरूको बारेमा देखाइएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ८.१५ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। नगरमा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ। यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्याधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ। जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपांग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

# खण्ड ९ : विकास सुचकांक र गरिबीको स्थिति

## ९.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सुचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन्। यी तिनवटै परिसुचकलाई समावेश गरी मानव विकासको सुचक निर्धारण गरिएको छ। हरेक देश/ठाउ‘का जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार मोरङ्ग जिल्लाको मानव विकास सूचकाङ्क ०.५१८ ( नेपालको ०.४९०) रहेको छ। अर्थात् मोरङ्ग जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा बढी देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्कक ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने मोरङ्ग जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६९.०५ वर्ष र यसको सूचक ०.७०५, प्रौढ साक्षरता दर (Adult literacy) ६९.९२ प्रतिशत र यसको सूचक ०.६९९, शिक्षा आर्जनमा खर्चेको औषत समय, (Mean years of schooling) ४.७७ वर्ष र यसको सूचक ०.३१८ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per capita income) १२२६ अमेरिकी डलर र यसको सूचक ०.४१८ रहेको देखिन्छ।

तालिका नं. ४७ : मानव विकास सुचकको विवरण (ज्म्क्)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सुचक | मान | सुचक | मान | सुचक | मान | सुचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| मोरङ्ग | ६९.०५ | ०.७०५ | ६९.९२ | ०.६९९ | ४.७७ | ०.३१८ | १२२६ | ०.४१८ | ०.५१८ |

श्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४

## ९.२ मानव गरीबी सूचकांक (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंखयाको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा मोरङ्ग जिल्ला मानव विकास सूचकाङ्कको स्थितिमा केही राम्रो अवस्थामा रहेको देखिन्छ। मोरङ्ग जिल्लाको मानव गरीबी सूचकाङ्क मान २५.३२ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तै: प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको मानव गरीबी सूचकाङ्क १६.५ रहेको छ भने पुच्छारमा रहेको हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्कक ४९.२६ रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा मोरङ्ग जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ३५.०९ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40 ) ७.००प्रतिशत सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ३.०८ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ३१.५० प्रतिशत रहेको देखिन्छ।

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार मोरङ्ग जिल्ला मध्यम समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला १७ औं स्थानमा रहेको छ र गरीबीको दर १६.५१ प्रतिशत रहेको छ। जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या १,५८,२६१ रहेको देखिन्छ। गरीबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको  गरीबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ।

तालिका नं. ४८ : गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| १७ | १६.५१(१.१४) | ३.२७(०.३) | ०.९८(०.११) | १,५८,२६१ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार ४७,७८२ जनताको बसोबास भएको नगरपालिकामा खास गरी सामाजिक रुपले पछि परेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखा मुनि परेमा जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम-समुन्नत नगरको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा नगरबासीहरूको मानवविकास सुचकांक, लैंगिक समता सुचकांक, जनताको बाच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा नगरको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी, स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रयाप्ता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन।  केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार नगरमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा हाते पम्प तथा ट्यूवेलको पानी प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ८४०४ (८१.१३ प्रतिशत) देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा धारा तथा पाइपको प्रयोग गर्नेको संख्या १६८८ (१६.३० प्रतिशत) देखिन्छ। त्यस्तै ढाकिएको इनार तथा कुवा प्रयोग गर्ने २६ (०.२५ प्रतिशत), खुला इनारको पानी प्रयोग गर्ने २३ (०.२२ प्रतिशत), मुल धाराको पानी प्रयोग गर्ने १३ (०.१३) र नदी/खोलालाई खानेपानीको स्रोतको रुपमा प्रयोग गर्ने ३ (०.०३ प्रतिशत) देखिन्छ।


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो नगर अन्य समग्र देशको तुलनामा अग्र स्थानमा रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरको साक्षरता दर ७५.४६ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगर पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस नगरको पुरुषको साक्षरता दर ८३.३३ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६८.६५ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १५ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। १५ वर्ष तथा सो भन्दा माथिल्लो उमेर समूहको प्रौढ साक्षरता दरको कुरा गर्दा कास्की जिल्लमा समग्र प्रौढ साक्षरता दर ७८.५७ प्रतिशत रहेको छ।


## ९.६ फोहोर मैला व्यवस्थापन

नगरमा फोहोर मैला व्यवस्थापनको लागि हालसम्म ट्रिपरबाट लोड गरेर सहरभन्दा टाढा लगेर फाल्ने गरिन्छ। यद्यपी नगरमा ल्याण्डफिल्ड साईट निर्माणको लागि वडा नं. १५ मा ५ विगाहा ५ कट्ठा जग्गा किनिसकेको छ। साथै, हालसम्म ल्याण्ड फिल्ड साइट निर्माण भैसकेको भने छैन। हाल ल्याण्ड फिल्ड साइटको सुरक्षाको लागि समुदायहरु मिली वृक्षारोपणको काम भैरहेको छ।

फोहरमैलाको उचित व्यवस्थापन गरी स्वच्छ वातावरण बनाउन हरियाली प्रवर्द्धन कार्यक्रम तथा एक वडा एक पार्क/उद्यान कार्यक्रमलाई जोड दिनुपर्ने देखिन्छ। जथाभावी फोहर फाल्नेलाई आवश्यक कारवाही गर्न अनुगमन तथा निगरानी समिति निर्माण गरी विशेष सरसफाई अभियानलाई निरन्तरता दिँदै नेपाल सरकारबाट जारी भएको फोहरमैला व्यवस्थापन ऐन, २०६८ लाई कडाईका साथ कार्यान्वयन गर्नु पर्ने देखिन्छ। कोसीहरैँचा आसपासको फोहरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि सार्वजनिक निजी साझेदारीको नीति बमोजिम फोहरबाट बिजुली निकाल्ने कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ। वातावरण तथा सरसफाई निर्देशिका तथा प्लाष्टिक झोला निषेधित कार्य कडाइकासाथ कार्यान्वयन गरी फोहरमैला व्यवस्थापनका लागि 3R (Reuse, Reduce, Recycle) को अवधारणालाई निरन्तरता दिई फोहरमैलाको व्यवस्थापन, ल्याण्डफिल्ड साइटमा थप पूर्वाधार निर्माण गर्नु पर्ने देखिन्छ।

# Koshi Haraicha Municipality




नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# कोसीहरैंचा नगरपालिका कार्यालय

मोरङ